संघर्ष, स्वाभिमान र स्वावलम्बन

सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १५, ● पूर्णाङ्क ३१२, ● अंक ५ ● २०८० साल मंसिर १-१५ गते (17 Nov., 1 Dec., 2023) मूल्य रु● १०



# रिगल देखाएर रेशमलाई अँठ्याउने

◆ कैलालीको टीकापुरमा २०७२ भदौ ७ गते भएको झडपमा नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित ९ जनाको मृत्यु भएको थियो ।

◆ संविधानको धारा २७६ को आधारमा राष्ट्रपति पौडेलले करिब ५ वर्ष कैद सजाय काटेका चौधरीको बाँकी कैद मिनाहा गर्ने निर्णय गर्नुभएको थियो ।

◆ फैसला अन्तिम नहुँदै माफी हुन नसक्ने गरी रिगलविरुद्धको रिटमा भएको व्याख्या अध्यक्ष चौधरीको हकमा लागु हुनसक्छ ।

◆ जेठ १६ गते दर्ता गरिएको रिटमा जेठ २३ गते न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले चौधरीको बाँकी कैद मिनाहा गर्नुको कारण माग गर्दै मुद्दालाई अग्राधिकार दिने आदेश दिएको थियो ।

नागरिक उन्मुक्ति पार्टीका संरक्षक (कार्यकारी अधिकारसहित) रेशमलाल चौधरी विरुद्धको रिट न्यायधिश अभावका कारण कात्तिक २३ गते पेशी स्थगितको सूचीमा परेको छ । यसरी पेशी स्थगित सूचीमा परेपछि चौधरीलाई हाइसन्चो भएको होला । कम से कम छठसम्मका लागि चौधरीको हकमा यो संकट टरेको हो, तर खतराको तरबार टाउकोमा अझै झुण्डिरहेको छ । जुनसुकै बेला टाउकोमा झर्न सक्छ । त्यसको मुख्य कारण हो, नेपालगञ्जका योगराज ढकाल (रिगल) । संविधान दिवसको अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलबाट उहाँको कैद मिनाहा गरिए पनि सर्वोच्च अदालतको एउटा फैसलाले उहाँ पुनः पक्राउ पर्नुभयो र अहिले जेलमा हुनुहुन्छ ।

ठिक त्यस्तै, गणतन्त्र दिवसको अवसरमा राष्ट्रपति पौडेलले चौधरीलाई आममाफी दिनुभएको छ । संविधानको धारा २७६ मा राष्ट्रपतिले कुनै अदालत, न्यायिक, अर्धन्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुनबमोजिम माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्ने अधिकार दिएको छ । यद्यपी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ को उपदफा ४ (घ)मा क्रूर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको कसुरमा सजाय माफी नहुने स्पष्ट लेखिएको छ । यस्तै, उपदफा ५ मा मुद्दाको फैसला अन्तिम नभएसम्म माफी, मुल्तबी, मिनाहा वा कैद कट्टा नहुने उल्लेख छ ।

त्यही भएर राष्ट्रपति पौडेलको त्यो निर्णयविरुद्ध टीकापुर घटनामा मृत्यु भएका सशस्त्र प्रहरी निरीक्षक केशव बोहोराका श्रीमती शारदा कडायतले सर्वोच्चमा रिट दर्ता गराउनु भयो । रिगलको जस्तै सर्वोच्चले निर्णय गरि दिएपछि चौधरी पुनः झ्यालखानामा पुग्नुपर्ने देखिन्छ र त्यो सम्भावना टरेको छैन । त्यसले टिकापुर पिडितमा आशा पलाएको छ । रिगलको नजिरमा बहस भइरहेको छ । त्यस्तै, त्यस्तै मुद्दामा रिगलको मुद्दा उल्टाउन सकिन्छ भनि चौधरीको किन उल्टाउन सकिदैन भनि चौतर्फी बहस सुरु भएको छ । त्यसैले रिगल देखाएर रेशमलाई अँठ्याउने प्रयास भइरहेको छ ।

जेठ १६ गते दर्ता गरिएको रिटमा जेठ २३ गते न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले चौधरीको बाँकी कैद मिनाहा गर्नुको कारण माग गर्दै मुद्दालाई अग्राधिकार दिने आदेश दिएको थियो । राष्ट्रपति कार्यालयबाट चौधरीको बाँकी कैद मिनाहा गर्नुको कारणसहितको जवाफ सर्वोच्च अदालतमा पेश गरेपछि कात्तिक २३ गतेका लागि पेशी तोकिएको थियो । तर स्थगितको सूचीमा परेपछि चौधरीको लागि केही दिनका लागि खतरा टरेको छ । अहिले त रेशम चौधरीको पक्षमा बोल्ने पनि कोही भएन । जेलमा हुँदासम्म मधेशवादी दल जसपा, जनमत र लोसपालगायतका दलले चौधरीको बारेमा कुरा उठाउँथे, सरकारलाई दबाव दिन्थे तर उहाँ जेलबाट बाहिरिए पछि मधेशवादी दलसँग सम्बन्ध कायम राख्न सक्नु भएन । उल्टै मधेशमा त्यही पार्टीहरुलाई क्षति गर्दै हिड्न थालेपछि जसपा र लोसपाका नेताहरु पनि उहाँमाथि नाराज छन् ।

थारु समुदायले पनि चौधरीको बारेमा त्यति बोल्न चाहेको छैन । पार्टीबाट श्रीमतीलाई सांसद बनाएर अहिले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बनाउनु भएको छ भने बुवालाई पनि सांसद बनाउनु भएको हो । त्यसले गर्दा उहाँको पार्टीसहित थारु समुदायमा चौधरीप्रति असन्तुष्टि बढेको छ । त्यसैले पछिल्लो घटनाक्रममा रेशम चौधरीलाई लिएर आवाज बाहिर आइरहेको छैन ।

**कैलाली घटना**

कैलालीको टीकापुरमा २०७२ भदौ ७ गते भएको झडपमा नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित ९ जनाको मृत्यु भएको थियो । थरुहट आन्दोलनका क्रममा आठ जना सुरक्षाकर्मी र एक बालकको मृत्यु भएपछि त्यसको मुख्य दोषी रेशम चौधरीलाई भन्दै कैलाली जिल्ला अदालत र उच्च अदालत दिपायलले उहाँलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको थियो ।

सर्वोच्च अदालतमा गरिएको पुनरावेदनलाई पनि रेशमलाल चौधरीको हकमा उच्चकै फैसला सदर गरिदिएको थियो । अदालतले तोकेको कैद सजाय अनुसार चौधरी २० ९४ फागुन महिनासम्म जेलमै बस्नुपर्ने थियो । तर जसपा र लोसपाको दबावका कारण सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले चौधरीलाई आममाफी दिनुभएको थियो । तर जसपा र लोसपाको माग आममाफी थिएन । टिकापुरको घटना राजनीतिक घटना भएको कारण त्यसलाई राजनीतिक रुपममा समाधान गर्दै रिहा गर्न माग गर्दै आएका थिए । तर राष्ट्रपतिबाट आममाफी प्राप्त गरेर चौधरी रिहा हुनुभयो ।

संविधानको धारा २७६ को आधारमा राष्ट्रपति पौडेलले करिब ५ वर्ष कैद सजाय काटेका चौधरीको बाँकी कैद मिनाहा गर्ने निर्णय गर्नुभएको थियो । यसअघि लगभग उस्तै घटनामा दोषी पुष्टि भएपछि रिगल जेलमा थिए तर सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले बाँकी कैद कट्टी गराएका नेपालगञ्जमा रिगल हकमा सर्वोच्च अदालतले राष्ट्रपतिको निर्णय उल्टाउँदै उहाँलाई पुनः थुनामा पठाएको छ । त्यो एउटा नजिर बनेको छ र त्यसको दबाव अदालतदेखि सरकारसम्म परेको छ । अब प्रश्न उठ्छ, रिगलको मुद्दाले चौधरीको मुद्दा प्रभावित होला त ? यी दुई प्रकरण कति समान र कति भिन्न छन् त ?

**दुवैमा भिन्नता**

रिगल र अध्यक्ष चौधरीको हकमा कानुनतः केही भिन्नता आवश्य छन् । रिगल कारागार नियमावलीको नियम अनुसार ४० प्रतिशत कैद भुक्तान गरेपछि असल चालचलन भएको भन्दै भएको सिफारिसका आधारमा बाँकी कैद कट्टा गरिएको थियो भने अध्यक्ष चौधरीको हकमा संविधानको धारा २७६ मा रहेको राष्ट्रपतिको विशेषाधिकारका

बाँकी पृष्ठ १२ मा


## यस भित्र



शिक्षामा निजीकरण, व्यापारिकरण र राजनीतिकरण ● लेख, पृष्ठ ४



मुस्लिमहरु नागरिकताधारी नागरिक मात्र हुन् ● अन्तरवार्ता, पृष्ठ ५



छठको महिमा र मनाउने विधि ● मध्यपृष्ठ, पृष्ठ ६




छठको दुई गीत सार्वजनिक ● पृष्ठ ९

तराई मधेशको महान छठ पर्वको उपलक्ष्यमा सम्पूण पाठक वर्ग, विज्ञापनादाता, शुभचिन्तक, सहयोगी तथा देश विदेशमा रहनु भएको सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै छठको ब्रत लिनुभएका सम्पूर्ण भक्ताजनलाई छठी माताले शक्ति प्रदान गरुन् भनि कामना पनि गर्दछौं ।

संघर्ष, स्वाभिमान र स्वावलम्बन सहारा टाइम्स SAHARA TIMES NATIONAL FORTNIGHTLY www.saharatimes.com.np राष्ट्रिय पाक्षिक

लाली यादव
प्रकाशक

अभिमत

## सम्पादकीय

# किसानको पर्व छठ

तराई मधेशको यो महान पर्व छठ अब तराई मधेशको मात्र रहेन । हिमाल, पहाड, तराई यहाँसम्म कि विदेशमा बस्ने नेपालीहरूले समेत यो छठ पर्व मनाउन थालेका छन् । हरेक क्षेत्र, हरेक समुदायमा मनाइने यो छठ पर्वको महिमा बढ्दै गइरहेको छ । यसप्रति श्रद्धा र समर्थन बढ्दै गइरहेको छ । यो नै एउटा यस्तो पर्व हो जहाँ डुब्दै गरेको र उदाउँदै गरेको सूर्यको पूजा हुन्छन् ।

अरू पर्व तथा धर्ममा उदाउँदा सूर्यको पूजा हुन्छन् तर यो छठ पर्व नै यस्तो पर्वको हो जसमा अस्ताउँदो सूर्यको पूजा हुन्छ । यो पर्व यस्ता पर्व हो जहाँ छुवाछुत साना ठूला कोही हुँदैन । सबैको बराबर हुन्छन् । हरेक जात तथा समुदायले मनाउँछन् । र, मुख्यत यो किसानको पर्व पनि हो भन्ने गरिन्छ । किसानले उत्पादन गर्ने हरेक अन्न, फलफूलहरू यो पर्वमा प्रसादको रूपमा चढाईन्छ ।

किसानको आफ्नै खेतबारीमा पाइने केरा, उखु, नरिवल, पान, मखान, भण्टा, मुला, हल्दीसहितको बोट, अलुवा, जुटा, सुथनी, स्याउ, सन्ताला, नासपाती, कागतीलगायतका आफ्नै खेतबारीमा पाइने तरकारी पनि छठमा चढाउने गरिन्छ । त्यस्तै, किसानकै बारीको बाँसको टोकरी, नाङ्गलो, पंखा, कोनियाँ, माटाको भाँडो, दियो, हाती, घैटो जस्तालाई सामग्रीको रूपमा प्रयोग गरिन्छ ।

ठकुवा, भुँसवा, खजुरियालगायतका पूजा सामग्री (प्रसाद) अन्नले नै बनेका हुन्छन् । अर्थात छठका लागि जति पनि सामग्रीहरू छन् ती सबै किसानले उब्जाएका हुन्छन् । छठ घाटलाई सजाउने सामग्री पनि आफ्नै खेतबारीका हुन्छन् तर पछिल्लो समय रेडीमेट समानहरूले त्यो ठाउँ लिएका छन् । कात्तिकको अन्तिम र मंसिरको सुरूवातमा यो पर्व हुने भएकाले प्राय अन्नहरू नयाँ अन्न नै हुन्छन् । कृषि कर्मसबै काम सकाए पछि किसानहरू फुर्सदमा हुन्छन् । त्यही भएर यो पर्व धुमधामका साथ मनाउने गरिन्छ । छठ पर्व मनाएर किसानहरू धान कटाइमा लाग्छन् । छठ पर्वमा छठी मातालाई चढाईएका डकुवा, भुसवा, खजुरी खाँदै किसानले धान कटाइमा लागेका हुन्छन् । डकुवा, भुसवा लामो समय रहिरहने र नबिग्रिने कारणले लामो समय खाइरहेका हुन्छन् ।

छठ पर्व सकिए पछि चिसो सुरू हुन्छ । छठ पछि लगभग सबै पर्व सकि सकेका हुन्छन् । किसानहरू पुरा समय खेती किसानीमा दिएका हुन्छन् । धान कटिसकेपछि गहुँ छर्ने, तोरी, दाल छर्ने काम हुन्छन् । तरकारी लगाउने सिजन पनि त्यही हो । कृष्ण जन्मअष्टमीबाट सुरू भएको पर्वहरू चौरचन, तीज, जितिया, दशैं, तिहार, छठसम्म किसानहरू फुर्सदमा सबै पर्वहरू मनाएका हुन्छन् । धान रोपाइँ भएपछि मात्र यी पर्वहरू सुरू हुन्छन् । धान गोडमेल गर्नुबाहेक किसानलाई केही काम हुँदैन । छठसम्म लगभग फुर्सदमै हुन्छन् । छठ मनाएर कृषि कममा लागेपछि फागुन, चैतसम्म निकै व्यस्त हुन्छन् । त्यही भएर यो पर्वलाई किसानहरूको पर्व पनि भन्ने गरिन्छ ।

पोखरी, नदी किनारमा, विभिन्न तालको गएर मनाइन्छ यो छठ पर्व पानी र सूर्यको एकसाथ पूजा आराधना गरिने यो पर्वको विशेषता हो । कात्तिक शुल्कपक्षको षष्ठी तिथि छठको मुख्य दिन हो । सूर्यलाई पिता षष्ठीबाट मैथिलीमा अपभ्रंसित छठी माताका रूपमा पुजिन्छ । खासमा यो प्रकृतिको पूजा हो । किसानलाई बर्खेबाली भित्र्याउने बेला मनाइने पर्वका सुरूआतकर्ता पुस्ताले पक्कै पनि प्रकृतिको पूजा गर्ने रीत बसालेको हुनुपर्छ ।

यो पर्वमा महिलाहरूको विशेष सहभागिता हुनेभएकाले लोक गीताहरू भाका हालेर गाएपछि यो पर्वको रौनक झन बढाइएको हुन्छ । साकाहारी खानपान र व्रत लगायत विशेषताका कारण यसले मानिसको स्वास्थ्यलाई पनि विशेष महत्वका साथ हेरिएका हुन्छन् । विहान विहान सूर्यको पूजा गर्दा सूर्यको किरणका कारण चर्म रोगहरू निको हुने गरेको जनविश्वास रहेको छ । त्यसैले यो पर्वलाई स्वास्थ्यको दृष्टिकोणले हेर्ने गरेका छन् ।

## तथ्यांक आफै बोल्छ

विभिन्न जनगणना अनुसार नेपालको जनसंख्या

| जनगणना वर्ष (वि.सं) | जनसंख्या | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) | जनघनत्व (जनसंख्या प्रतिवर्ग किलोमिटर) |
|---|---|---|---|---|
| १९६८ | ५६,३८,७४९ | ....... | ....... | ३८ |
| १९७७ | ५५,७३,७८८ | ....... | -०.१२ | ३८ |
| १९८७ | ५५,३२,५७४ | ...... | -०.०७ | ३८ |
| १९९८ | ६२,८३,६४९ | ...... | १.२७ | ४३ |
| २००९/११ | ८२,५६,६२५ | ९६.८ | २.७३ | ५६ |
| २०१८ | ९४,१२,९९६ | ९७.० | १.३१ | ६४ |
| २०२८ | १,१५,५५,९८३ | १०१.४ | २.०५ | ७९ |
| २०३८ | १,५०,२२,८३९ | १०५.० | २.६२ | १०२ |
| २०४८ | १,८४,९१,०९७ | ९९.५ | २.०८ | १२६ |
| २०५८ | २,३१,५१,४२३ | ९९.८ | २.२५ | १५७ |
| २०६८ | २,६४,९४,५०४ | ९४.२ | १.३५ | १८० |
| २०७८ (प्रारम्भिक) | २,९१,९२,४८० | ९५.९ | ०.९३ | १९८ |

## पाठक पत्र

saharatimes.com.np@gmail.com




### चुरे संरक्षण राजनीतिले मात्र

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवल लेख्नु भएको चुरे विनाश सम्बन्धी लेख पढे समय सान्दर्भिक रहेको छ। मधेशलाई बचाउनका लागि एक मात्र उपाय चुरे जोगाउने हो । चुरे विनाशका कारण मधेश मरुभूमीमा परिणत हुँदैछ । समाजिक रुपमा यो कुरालाई जति उठाए पनि जबसम्म यसलाई राजनीतिक रुपमा उठाउन सक्दैन तबसम्म यो समाधान हुँदैन। देशमा जतिपनि समस्याहरु समाधान भएका छन् ती सबै राजनीतिक रुपमा मात्र भएका छन्। हुन त विभिन्न चुरे संरक्षण अभियानहरुले चुरे बचाउन अभियानका लागि संघर्ष गरिरहेका छन् तर त्यो उनीहरुको मागी खाने भाँडो मात्र भएको छ । जबसम्म राजनीतिक दलले यसलाई कुरा उठाउँदैन तबसम्म यसको समाधान हुँदैन। उपेन्द्र यादवले केही दिनदेखि लगातार यस विषयमा बोलिरहनु भएको छ। आज यो पत्रिकामा लेख पनि पढ्न पाए धन्यवाद छ उपेन्द्र सरलाई

*रामकुमार यादव, जनकपुर*

### उपेन्द्र यादवको राजनीतिक खुराक मात्र

'घर जलाएर खरानीको व्यपार' उपेन्द्र यादवले राख्नु भएको यो भनाइ अहिलेको राजनीतिक प्रवेशसँग ठ्याक्कै मेल खान्छ तर उहाँ साँच्चै इमान्दारीपूर्वक यो कुरा भन्नुभएको हो र ? उहाँ सत्ताभन्दा कहिले बाहिर रहनु भएन। यदि सुरुदेखि उहाँले चाहेको भए आज चुरे क्षेत्रको यो अवस्था हुने थिएन । उहाँकै पार्टीबाट तीन जना वनमन्त्री बन्नुभयो तर खै त्यसको लागि कुनै कदम चाल्नु भएको ? उपेन्द्र यादव कहिले पनि चुरेको एजेण्डा आफ्नो पार्टीमा बनाउनु भएन तर अहिले उहाँको राजनीतिक जीवन संकटमा परेको कारण बोल्नका लागि कुनै एजेण्डा नभएपछि चुरेका लागि बोल्नु भएको हो । राजनीतिमा बोल्नका लागि केही एजेण्डा त चाहियो । उहाँले चुरेलाई अहिलेको एजेण्डा बनाउनु भएको छ। तर देखाउनका लागि मात्रै उहाँकै पार्टीका कतिपय नेताहरु चुरे उत्खनन्मा लागेका छन् के उहाँले त्यो नेतालाई कारवाही गर्न सक्नु हुन्छ ? उहाँकै कतिपय नेताले वन फँडानीमा लागेका छन् के उहाँले कारवाही गर्न सक्नु हुन्छ ? सक्नु हुन्न राजनीति बहसका लागि मात्र उहाँले यो कुरा उठाउनु भएको हो केही दिनमा यसरी नै शान्त हुनुपर्छ उहाँले ।

*किरणकुमार साह, शान्तिनगर काठमाडौं*

### किर्तिका सबै हरेक छोरीको अवाज बनोस्

'आफ्नो लागि लड्दा लड्दै अरुको लागि अवाज बन्नुभयो किर्तिका' भनि लेख पढे । एकछिन् त एउटा कुनै हिन्दी फिल्म नै हेरिरहेको जस्तो लाग्यो । कथावस्तुले यसरी बाँध्यो कि हरेक शब्द र लाइन एउटा उपन्यासको पाना जस्तै लाग्यो तर पढ्दै जाँदा अन्त्यमा सम्झे यो त सत्य घटना पो रहेछ। जनकपुरमा भएको आरती साहकै घटना जस्तै किर्तिका यादवको घटना हो। आरतीले पनि किर्तिका जस्तै बुद्धि पुर्‍याएको भए हत्या हुने थिएन । किर्तिका पढेलेखेकी र भारतको दिल्ली जस्तो शहरमा त्यहाँको मिनिस्ट्रीमा काम गरेको कारण यो सबमा उहाँको छिट्टै बुद्धि पुग्यो र आफूलाई बचाउनु भयो नत्र उहाँलाई पनि घरमै हत्या गर्ने योजना थियो भने कुरा यो लेखमा स्पष्ट छ। किर्तिका मधेशका छोरीका लागि मात्र होइन, देशकै छोरी, देशकै छोरीका लागि होइन विश्वकै छोरीको अवाज बनोस् भनि कामना छ ।

*रामज्ञानी यादव, सिरहा लहान, ramit.2022@gmail.com*

### लालबाबुलाई जोगाउने, विजयलाई भगाउने !


जनता समाजवादी पार्टीका नेता विजय यादवमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको भ्रष्टाचार सम्बन्धी मुद्दाले मधेशमा अहिले निकै चर्चा पाएको छ। मधेशकै होनहार युवा नेतामध्येका एक विजय यादवमाथि यसरी मुद्दा चलाएपछि चर्चा हुनु स्वभाविक हो । उहाँले अनियमितता कसरी गरे कहाँबाट गरे त्यो आयोगको दावीमा आदालतले गर्ने फैसलामा भर पर्छ तर पार्टीभित्रबाट नै उहाँमाथि षड्यन्त्र भएको कुरा पनि तराई मधेशमा चर्चाको विषय बनेको छ । पूर्व मुख्यमन्त्री लालबाबु राउतमाथि पनि विद्यार्थीलाई वितरण गर्ने साइकल खरिदमा अनियमितता गरेको आरोप लगोको थियो। अख्यिार दुरुपयोग आयोगले छानविन पनि गरेको थियो । दोषी हो भनि प्रारम्भिक प्रतिवेदन पनि बाहिर आयो तर उहाँलाई अहिलेसम्म केही भएको छैन तर विजय यादवको केस एकाएक बाहिर आयो । लालबाबु राउत अहिले उपेन्द्र यादवको सबभन्दा भक्त हुनुभएको छ।

२४ घण्टा उपेन्द्र यादवको इर्दगिर्द घुमिरहनु भएको हुन्छ । जसको बारेमा अख्तियारले प्रमाणित गरिसकेको छ कि दोषी हुन् त्यसको केही भएन जसको बारेमा कही कतै कुनै चर्चा नै थिएन त्यसको बारेमा एकाएक छानविन गरेर विशेष अदालतमा मुद्दा दायर हुनुले कतै नकतै पार्टीभित्रबाट नै उहाँमाथि षड्यन्त्र भयो कि भनि शंका भइरहेका छन् । लालबाबु राउत मुख्यमन्त्री हुँदा विजय यादवसँग कहिले राम्रो सम्बन्ध थिएन। लालबाबु राउतले नै भनेको आधारमा उपेन्द्र यादवलाई उहाँलाई अर्थ मन्त्रीबाट हटाएर कृषिमा लग्नु भएको थियो। विजय यादव मधेश प्रदेशबाट मुख्यमन्त्री बन्नका लागि पटक पटक प्रयास गर्नुभएको थियो तर लालबाबु राउतले उहाँलाई रोक्नु भएको थियो र त्यसमा उपेन्द्र यादवले पनि साथ दिनुभएको थियो। आज त्यसैको शिकार बन्नुभएको त होइन भनि चर्चा तराई मधेशमा ब्याकपक छ। कामना गरौं त्यस्तो भएको नहोस् नत्र पार्टी पार्टी रहदैन, ठूलो विद्रोहको जन्म हुनसक्छ।

*रोशन ठाकुर, thakur_roshan22@gmail.com*

thakur_roshan22@gmail.com

## फेसबुक



**रामरिझन यादव**

कमला पूलको अवस्था ! वर्षा याम सकिएकोले अहिले कामको शुरूवात गर्न सकिन्थ्यो । तर, हुलाकी सडक आयोजना जनकपुरका प्रमुख डिइ केके महतो अनुसार छठ पर्वपछि मात्र मरम्मत सम्भार प्रारम्भ हुने र के कति काममा प्रगति भयो भन्ने कुराको मूल्याङ्कन पुसमा गर्ने कुरा बताएका छन् । उनको अनुसार सरकारले अर्बौ रूपियाँ ठेकेदारको बक्यौता राखेकोले दबाब दिन नमिल्ने बरू सौहार्दपूर्ण वातावरणमा काम गराउन सके राम्रो हुने बताएका छन् । त्यसैले बाध्यात्मक परिस्थिति सिर्जना भएकोले अहिले केही दिन ठेकेदारमाथि पूलको लागि दबाब नदिने निश्कर्षमा म पुगेको छु। यद्दपि यो पूलको मरम्मत सम्भारमा लाग्ने खर्च सरकारभन्दा ठेकेदारले व्यहोर्नु पर्ने सम्झौता भइसकेको छ।

**बीपी साह**

आफ्ना अपराध लुकाउन हामीमाथि षड्यन्त्र !

१२ बुंदे सम्झदारीकै एक प्रमुख पात्र देशको प्रधानमन्त्रीको कुर्सीमा छन् । १२ बुँदे गराउने मध्येको प्रमुख दल सत्तामा छ । अनि देशमा संकट ल्याउने को ? यी १२ बुँदे बालाहरुले नै देशको आर्थिक व्यवस्था खराब गरे, कुशासन बढाए, भ्रष्टाचारलाई जन्मसिद्ध अधिकार बनाए, देशलाई श्रमिक (लेबर क्याम्प) केन्द्रमा परिणत गरे, शिक्षा क्षेत्रलाई ध्वस्त पारेर विद्यार्थी पलायन केन्द्रका रुपमा देशलाई स्थापित गराए । आफूहरु जनताका लागि काम गर्न नसक्ने अनि जनतामा निराशा बढेपछि षड्यन्त्र देख्ने ? जनताले खोजेको परिवर्तन र सेवा दिनका लागि जनमत पार्टी जस्ता वैकल्पिक शक्ति उदाएका छौं। १२ बुँदे बालाहरुले गोलमेच सम्मेलन गरेर हामीलाई घेर्ने प्रयास नगरे हुन्छ। समाजिक सञ्जालमा आउने बिचार हरुमाथि प्रतिबन्ध लगाउने, नयाँ नेतृत्वहरुलाई दबाउन खोज्ने जस्ता प्रपञ्च चल्दैन अब यहाँ। १२ बुँदे बालाहरु पश्चगामी बन्दैछन्, हामी बैकल्पिक शक्ति अगाडि बढ्छौं । हामीलाई देखाएर आफ्ना अपराधहरु ढाकछोप नगर्नुस् । जनताको मुड परिवर्तनतिर छ, तपाईहरु आफ्नो जरोकिल्लो बलियो बनाउनतिर लाग्नुस् ।



# कमरेडहरुलाई उत्तरतिर भ्याइ नभ्याइ !

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल नेतृत्वको १५ जनाको टोली एक हप्ताका लागि चीन प्रस्थान गरेकै भोलीपल्ट जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्र, चिनियाँ कम्युनिष्ट पार्टीका सचिव वाङ जुनझेङ नेतृत्वको एक टोली नेपाल आइपुग्यो । कात्तिक २२ गते नेपाल आइपुग्नु भएका सचिव वाङले राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहाय यादव, प्रधानमन्त्री प्रचण्डसहितका अन्य उच्चस्तरीय भेटघाट पुरा गरी स्वदेश फर्किसक्नु भएको छ ।

उता, कात्तिक २१ गते चीन पुग्नु भएका नेकपा (एस)का अध्यक्ष नेपालले पनि उच्चस्तरीय भेटघाट गरी कात्तिक २८ गते स्वदेश फर्किसक्नु भएको छ । जाजरकोटलगायत विभिन्न जिल्लामा भुकम्पबाट जनता पिडामा रहेको बेला अध्यक्ष नेपाल चीन भ्रमणमा गएपछि उहाँको आलोचना भएको थियो । राष्ट्रपति रामचन्द्र पौडेलले आफ्नो युरोप भ्रमणलाई रद्द गरी जाजरोकोटसम्म पुगेर पिडितहरुसँग भेटघाट मात्र गर्नुभएन आफ्नो एक महिनाको तलब पिडितलाई दिने निर्णय पनि सुनाउनुभयो । यता अध्यक्ष नेपाल जाजरकोटमा खुट्टा नै टेकिकन चीनका लागि प्रस्थान गर्नुभएको थियो । यसरी कम्युनिष्ट पार्टीका नेताहरुलाई यतिसारो चीनप्रति किन मोह बढेको भनि कुटनीतिक बृतमा टिप्पणी भइरहेको छ ।

एउटा नेता गएर उ फर्किन पाएको हुँदैन, अर्को नेता टोली लिएर चीन पुगिसकेका हुन्छन् । एक जना कुटनीतिका जानकारले सहारा टाइम्ससँग भन्नुभयो, 'मलाई लाग्दैन कि माओवादी, एमाले, नेकपा (एस) का कुनै पनि नेता चीन भ्रमण गर्न बाँकी होला ।' भातृ संगठनसम्मका नेताहरुले चीनको भ्रमण गरिसकेका छन् । एक पटकसम्म त ठिकै छन्, दुई-तीन पटकसम्म चीनको भ्रमण गर्ने नेताहरु पनि छन् । चीनले राजनीतिक सन्तुलनका लागि गैरकम्युनिष्ट पार्टीका केही तल्लो तहका नेताहरुलाई चीन घुमाई सकेका छन् तर उसको प्राथमिकतामा कम्युनिष्ट पार्टी नै परेको छ । उपराष्ट्रपति रामसहाय यादवदेखि प्रधानमन्त्री प्रचण्डसम्म, सभामुख, उपसभामुखसम्मको चीन भ्रमण भइसकेको छ । माओवादी केन्द्रका अग्नी सापकोटा, वर्षमान पुन, देव गुरुङ, पम्फा भुसाललगायत लगभग सबै शीर्ष नेता चीन भ्रमण गरिसक्नु भएको छ भने एमालेका महासचिव शंकर पोखरेलदेखि लिएर योगेश भट्टराई, विष्णु पौडेल, विष्णु रिजाललगायतका हरेक नेता चीन भ्रमण भ्याइ सक्नु भएको छ ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ कात्तिक ८ गते चीन भ्रमणबाट नेपाल फर्किनु भएको छ । तेस्रो 'बेल्ट एन्ड रोड फोरम फर इन्टरनेसनल कोअपरेसन'मा सहभागी हुन उहाँ असोज २९ गते चीन प्रस्थान गर्नुभएको थियो । हृदयघातका कारण निर्धारित समयभन्दा केही ढिला उहाँ फर्किनु भएको हो । सोही कार्यक्रममा भाग लिनका लागि नेकपा (एस) सम्माननीय नेता झलनाथ खनाल पनि चीन गएका थिए । उहाँ कात्तिक ६ गते स्वदेश फर्किनु भएको छ ।

प्रधान सेनापति प्रभुराम शर्मा पनि कात्तिक १० गते चीन भ्रमणमा जानु भएको हो । कात्तिक १२ गतेदेखि बेइजिङमा सुरु हुने १० औं बेइजिङ स्याङसन फोरमको उद्घाटन समारोहमा भाग लिनका लागि उहाँ त्यता जानुभएको हो । प्रधानमन्त्री प्रचण्ड अमेरिका हुँदै असोज ५ गते चीन भ्रमण जानुभएको थियो । चिनियाँ प्रधानमन्त्री ली छ्याङको निमन्त्रणमा चीन पुगेका प्रधानमन्त्री प्रचण्ड हाङजाओमा सम्पन्न १९औं एसियाली खेलकुदको उद्घाटन समारोहमा सहभागी भएर उहाँ असोज १३ गते स्वदेश फर्किनु भएको थियो ।

यसरी चीनका लागि नेपालबाट एकपछि अर्को उच्चस्तरीय भ्रमणहरु भइरहेका छन् । नेपालबाट चीन मात्र होइन, चीनबाट पनि नेता तथा सरकारका एवं विभिन्न संगठनका प्रतिनिधिहरु नेपाल भ्रमणमा आइरहेका छन् । नेपालमा भारत र अमेरिकाको बर्चस्व कम गर्नका लागि चीनले नेपालमा आफ्ना गतिविधिहरु बढाएको हो । जानकारका अनुसार त्यही उद्देश्यका कारण चीनले उच्च स्तरीय भ्रमणहरु गराई रहेका छन् ।

चिनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा माओवादी केन्द्रका उपाध्यक्ष अग्नी सापकोटाको नेतृत्वमा २० जनाको टोली जेठ ५ गते चीन

बाँकी पृष्ठ १२ मा

# पटक पटक रेणुले किन गर्नुहुन्छ शक्ति प्रदर्शन ?

राप्रपा छाडेर २०६३ मा तत्कालिन मधेशी जनअधिकार फोरम नेपाल प्रवेश गर्नुभएका रेणु यादव सप्तरीको तत्कालिन क्षेत्र नम्बर ४ बाट संविधान सभा सदस्यमा चुनाव जित्नु भएको थियो । २०६७ मा प्रधानमन्त्रीका लागि माओवादीका अध्यक्ष प्रचण्ड र नेपाली कांग्रेसका तत्कालिन उपसभापति रामचन्द्र पौडेलबीच प्रतिस्पर्धा भइरहँदा तत्कालिन फोरमका अध्यक्ष उपेन्द्र यादव प्रचण्डका पक्षमा हुनुहुन्थ्यो भने रेणु यादवको नेतृत्वमा केही सांसदहरुले फ्लोरक्रस गरेका थिए । त्यतिबेला तत्कालिन मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार पनि प्रधानमन्त्रीको उम्मेदवार बन्नुभएको थियो ।

प्रधानमन्त्रीमा प्रचण्डलाई मतदान गर्ने भनि ह्वीप थियो तर त्यसलाई उल्लघंन गर्दै रेणु यादवको नेतृत्वमा फोरममा एक प्रकारको विद्रोह नै गरि फ्लोरक्रस भएको थियो । त्यतिबेला रेणु यादवले निकै चर्चा बटुल्नु भएको थियो । संविधान निर्माण भएपछि तत्कालिन प्रधानमन्त्री सुशिल कोइरालाको कार्यकालमा संविधान संशोधन हुँदा मधेशी दलबाट कोही पनि मधेशको पक्षमा संशोधनका लागि सदनमा प्रस्ताव हालेका थिएनन्, रेणु यादवले अध्यक्ष उपेन्द्र यादवको बिना स्विकृति फोरमबाट एक्लै संशोधनका लागि प्रस्ताव हाल्नुभएको थियो ।

त्यो प्रस्ताव फिर्ता लिनका लागि पार्टीभित्र र बाहिरबाट उहाँलाई दवाव थियो तर उहाँले कसैको सुन्नुभएन । त्यतिबेला उहाँले मिडियामा भन्नुभएको थियो, 'मधेशको जनतालाई ५२ प्रकारको व्यन्जन उसको ढोकामै गएर दिए पनि स्वीकार्दैनन्, बरु सुखो रोटी उसलाई स्वीकार छ ।' त्यतिबेला पनि रेणु यादवको निकै चर्चा भएको थियो । बेलाबेला राजनीतिक चर्चामा आइरहने रेणु यादव र उपेन्द्र यादवबिच 'हेट एण्ड लभ' को राजनीतिक सम्बन्ध सधैं रहयो । कहिले निकै राम्रो सम्बन्ध देखिन्थ्यो भने कहिले नराम्री विग्रिन्थ्यो । तर पछिल्लो केही वर्ष यता उपेन्द्र यादवबाट रेणु यादवको दुरी निकै बढेको छ । बेलाबेलामा पार्टीभित्र रेणु यादवले आफ्नो शक्ति प्रदर्शन गर्नुहुन्छ, जसले पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई बेचैन बनाई दिएका हुन्छन् ।

२०७७ मा पनि उहाँले तत्कालिन समाजवादी पार्टीमा त्यस्तै विद्रोह गर्नुभएको थियो । इस्तियाक राइ, प्रदीप यादव, डा.सुरेन्द्र यादवलागयतका नेताहरुलाई साथमा लिएर पार्टी विभाजन गर्ने तयारीमा हुनुहुन्थ्यो । एक जना सांसद कम भइरहेको बेला तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले डा.सुरेन्द्र यादवलाई जनकपुरबाट अपरण गराएर काठमाडौं ल्याई दिनुभएको थियो । उहाँलाई मेरियट होटलमा राखिएको थियो । त्यहाँबाट तत्कालिन समाजवादी पार्टीका नेताहरुले उद्धार गरेका थिए । तैपनि पार्टी विभाजन हुने निश्चित देखेपछि अध्यक्ष उपेन्द्र यादव, तत्कालिन संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई, वरिष्ठ नेता अशोक राइलगायतका नेताहरु शान्तिनगरस्थित रेणु यादवको घरमा डेरा जमाएर बस्नुभएको थियो । उहाँहरु घरमै बसेपछि रेणु यादवले पार्टी विभाजन सम्बन्धी कुनै गतिविधि गर्न पाउनु भएन । यता, तत्कालिन राजपा नेपालसँग एकीकरणको लागि पहल भएको थियो र रातारात एकीकरण पनि भयो । निर्वाचन आयोगमा जनता समाजवादी पार्टी दर्ता भएसम्म रेणु यादवको घरको घेरा तोडिएको थिएन । अन्ततः त्यतिबेला समाजवादी पार्टी विभाजनबाट जोगिएको थियो ।

अध्यक्ष उपेन्द्र यादवले २०७९ मा भौतिक मन्त्रीबाट रेणु

बाँकी पृष्ठ १२ मा

# ठूला दलमा भ्वाङ्गै भ्वाङ्ग

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले शेखर कोइराला, गगन थापासँग जुधिरहनु भएको छ भने उता एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीका महासचिव शंकर पोखरेलसँग जुधिरहनु भएको छ । एमाले प्रदेश अधिवेशनको समय दुवै जना आमुने सामुने आएपछि बढेको त्यो दुरी अझै कम भएको छैन । विष्णु पौडेल र इश्वर पोखरेलको अवस्था पनि त्यस्तै छन् । विद्यादेवी भण्डारीको लफडा समाप्त भएको छैन । यस्तैमा, एमालेबाट अलग भएर माधवकुमार नेपालले बनाउनु भएको पार्टी नेकपा (एकीकृत समाजवादी)मा पनि आन्तरिक विवाद सुरु भएको छ । पार्टीमा सम्मानीय नेता झलनाथ खनाल र अध्यक्ष माधवकुमार नेपालीबिच दुरी बढेको हो ।

कात्तिक १५ गते एमाले पार्टीले आयोजना गरेका चियापान कार्यक्रममा जान नपरोस् भनेर अध्यक्ष नेपाल रौतहटतिर हानिएका थिए तर पार्टीलाई जानकारी नै नदिइकन अर्का नेता खनाल र रामकुमारी झाँक्रि चियापानमा सहभागी हुनुभएको थियो । पछिल्लो समय एमालेका अध्यक्ष केपी शर्मा ओलीप्रति नरम देखिनु भएका नेता खनालले नेपालसँग दुरी बढाउदै ओलीसँग घटाउँदै हुनुहुन्छ । पार्टीका बैठकहरुमा समेत खनालले एमालेसँग एकीकरण गरेर अगाडि बढ्नुपर्ने कुरा राख्दै आउनु भएको छ तर अध्यक्ष नेपाल तत्कालै एमालेको साथमा जान इच्छुक हुनुहुन्न । तर माधवकुमार नेपाल नआए पनि उहाँका साथमा रहेका खनालसहितका नेताहरुलाई तान्ने जोगारमा अध्यक्ष ओली रहनु भएको छ ।

यता, कांग्रेसभित्र शेखर कोइराला समूहले कोशी प्रदेश सरकारलाई लिएर दवावमा हुनुहुन्छ । पार्टीमा विद्रोह गराएर सांसद केदार कार्कीलाई मुख्यमन्त्री बनाएपछि देउवाले भित्रैदेखि त्यसलाई रुचाउनु भएको छैन तर पार्टीकै मुख्यमन्त्री भएको कारण चुप लाग्नुभएको छ । एमालेले सरकारबाट फिर्ता भइसकेपछि कांग्रेस नेतृत्वको त्यो सरकारको अगामी यात्रा कसरी तय हुनेमा कांग्रेसबिच अन्योल छ । सोही आन्तरिक विवादका कारण पार्टीको महासमितिको बैठक सर्‍या-सर्‍यै छ । कांग्रेसका एक नेताले सहारा टाइम्ससँग भन्नुभयो, 'पार्टीका सभापतिले भुकम्प तथा चाडपर्वलाई बहाना बनाउनु भएको छ, तर कुरा त्यस्तो होइन, शेखर, गगन, विश्वप्रकाश, प्रदीप पौडेलको चलखेलका कारण अल्पमतमा देखिएपछि महासमितिको बैठक सारिएको हो ।' यी चार भाइले माओवादीको साथ छाड्न सभापति देउवालाई दवाव दिँदै आउनु भएको छ ।

माओवादीको साथमा रहेर पार्टीलाई फाइदा नहुने कुरा पटक पटक भने पनि सभापति देउवा तत्कालै प्रचण्डको साथ छाड्ने पक्षमा हुनुहुन्न । कमसे कम फागुनसम्म यो गठबन्धन देउवाले नछाड्ने मुडमा हुनुहुन्छ । फागुनमा राष्ट्रिय सभाको चुनाव हुँदैछ । २५ सीट खाली हुँदैछ । सो सीटमा गठबन्धनमा भागबण्डा गर्दा स्वभावित रुपमै कांग्रेसले सबभन्दा बढी सीट पाउँछ । जो एमालेसँग गएर सम्भव छैन । एमालेसँग गठबन्धन गर्दा राष्ट्रिय सभामा त्यति सीट पाउने सम्भावना धेरै कम हुन्छ । यता, एमालेका अध्यक्ष ओलीले मंसिर मसान्तसम्ममा सरकार ढाली दिने अल्टिमेटम दिनुभएको छ । त्यसका लागि उहाँले कोशी प्रदेशदेखि केन्द्रसम्म ढोक्सा थप्ने काम गर्नुभएको छ, ढोक्सामा हालसम्म कोही फसेका छैनन् तर स्रोत भन्छ, 'कांग्रेसका शेखर कोइरालाले ओलीलाई आश्वासन दिनुभएको छ, मंसिरसम्म केही गरौला भन्नुभएको छ, त्यही भएर कोशी प्रदेशमा एमाले सरकारबाट फिर्ता भएपनि समर्थन फिर्ता लिएको छैन ।'

## फरकमत

# जनताको विश्वास गुमाइसकेपछिको त्रास



**सुनैनाकुमारी यादव**

'यो छलफलमा सहभागी नेतृत्वले आम नागरिकको विश्वास गुमाई सकेको छ । तपाईको निरन्तरताले संविधान र यसका उपलब्धी गुम्ने डर बढ्यो । दल वा सरकारको नेतृत्वमा रहेका र गरिसकेका सबैले सार्वजनिक कुनै पदमा नफर्किने बाचा सहित यी पदबाट स्वेच्छाले तु अलग भइ राष्ट्र, संविधान र नागरिकप्रति न्याय गर्नुहोस'

प्रधानमन्त्री प्रचण्डले कात्तिक २१ गते प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालय सिंहदरबारमा बोलाउनु भएको सर्वदलीय बैठकको तस्विर आफ्नो समाजिक सञ्जाल एक्समा राखेर भोजराज पोखरेलले लेख्नु भएको कुरा हो यो । भोजराज पोखरेल जस्ता व्यक्तिले नेताहरुको रबैया बारेमा यसरी टिप्पणी गर्नु साँच्चै देश गम्भीर मोडमा गएको भनि संकेत हो । भोजराज पोखरेल पूर्व प्रशासक हुनुहुन्छ र निर्वाचन आयोगको पूर्व प्रमुख आयुक्त पनि । उहाँ पहिला पनि निर्वाचन आयोगको आयुक्तमा मनोनय हुनुभएको थियो तर तत्कालिन राजाले उहाँलाई स्विकार गरेको थिएनन् ।

२०६२/०६३ को जनआन्दोलनको बलमा पुर्नस्थापित प्रतिनिधि सभाले संसदीय सुनुवाइमार्फत संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको अनुमोदन गरेको नेपालकै इतिहासमै यो पहिलोपटक थियो । उहाँले पहिलो ऐतिहासिक संविधान सभाको चुनाव गराउनु भएको थियो । अतः नेपालमा लोकतन्त्र ल्याउन उहाँका पनि योगदान छ । त्यस्ता व्यक्तिबाट प्रधानमन्त्री प्रचण्डको सर्वदलीय बैठक बारे यस्तो टिप्पणी आउनु शोचनीय विषय हो । भोजराज पोखरेलले मात्र होइन, धेरै व्यक्तिले प्रधानमन्त्री कार्यालयमा बसेको सर्वदलीय बैठकको निर्णयमाथि टिप्पणी गरेका छन् ।

जसले संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन लडाई लडे, गणतन्त्र ल्याउनका लागि हजारौंको बलिदान दिए । त्यही शक्तिले आज बैठक बसेर संघीयता र गणतन्त्र खतरामा छ, त्यसलाई संरक्षण गर्नुपर्छ भनि निर्णय गर्छन् भने नेपाल ठूलो भूमरीमा फँसिसकेको हो भनि पुष्टि हुन्छ । बाहिरका दलले यसरी बसेर छलफल र विमर्श गरेको भए त्यसलाई समान्य रुपमा लिन सकिन्थ्यो । सरकारको नेतृत्व गरेका दलहरु नै सर्वदलीय बैठक बोलाएर छलफल गर्नु कतै न कतै केही अवश्य भएको कुरा बुझ्न गाह्रो छैन । जनताको विश्वास गुमाई सकेको कुरा प्रष्ट छ । प्राप्त उपलब्धी गुम्ने डर नेता तथा दलका नेताहरुमा देखिन्छ । जब कुनै शासकले जनताको विश्वास गुमाउँछ, त्यसपछि राज्यमाथि शंकटको बादल मडारिन्छ । र, संकेत रणाकालदेखि पंचायती व्यवस्था र बहुदलीय व्यवस्थामा पनि संकेत देखिन्थ्यो ।

विगतमा संकेत देखिने त्तिकै शक्ति केन्द्रहरु आपसमा छलफल गर्थे, दलहरुको चहल पहल बढ्थे, आन्दोलनको तयारी हुन्थ्यो । यसपटक पनि यस्तै संकेतहरु बाहिर आइसकेका छन् । सर्वदलीय बैठक बसाउनभन्दा पहिला प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले कात्तिक १४ गते बालुवाटारमा बोलाउनु भएको पार्टी पदाधिकारी बैठकबाट संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र प्रतिगमनको विरोध लगायत विषयमा जनप्रदर्शन गर्ने निर्णय गरयो । मंसिर २२ गते जनप्रदर्शन गर्ने निर्णय भएको हो ।

सरकारकै नेतृत्व गरेको दलले प्रतिगमन विरुद्धमा सडक संघर्ष गर्ने भनि गरिएको निर्णयको चौतर्फी आलोचना हुन थालेपछि प्रधानमन्त्री प्रचण्डले सर्वदलीय बैठक बोलाएर संघीयता र गणतन्त्रको रक्षाका लागि एक साथ संघर्ष गर्ने निर्णय गराउनु भयो । त्यसको पनि आलोचना हुन थालेको छ । पछिल्लो समय सरकार र दलका नेताहरुले गरेको गतिविधिप्रति जनतामा व्यापक असन्तुष्टि देखिएको छ । जनताले सरकारमाथि विश्वास गर्न छाडेको छ । समाजिक सञ्जालदेखि लिएर विभिन्न समारोहमा सरकारको आलोचना हुँदै आएको छ ।

जनताले देशमा गणतन्त्र आएको अनुभूति नै गर्न पाएको छैन । जनताको समस्या समाधान गर्नुभन्दा दलका नेताहरु आआफ्नो स्वार्थमा लागेका छन् । जनताको बारेमा कोही बोल्दैन । जो सत्ता र शक्तिमा छन्, राज्यमा उसैको हालीमुहाली छन् । आम जनताको बारेमा बोल्ने कोही पनि भएन भनि अनुभूती जनताले गरिरहेका छन् । गरिब झन गरिब हुँदै गइरहेका छन् भने धनी झन धनी हुँदै गइरहेका छन् सायद यो व्यवस्थाकै दोष हो पनि जनताले अनुभूती गर्न थालेका छन् । यस्तो हुनुमा राज्य व्यवस्था तथा अहिलेका नेताहरुको दोष हो । देशको नीति, संविधान गलत होइन, तर त्यसलाई ड्राइभ गर्ने नेता तथा सरकारका प्रतिनिधिहरुको नियत ठिक नभएको कारण जनताले पिडाको अनुभूती गरेका छन् ।

अहिलेका नेता तथा दलहरुले जनताको हितमा काम गर्न नसकेको कारण जनतामा फ्रस्टेशन आएकै हो । स्थानीय तहदेखि प्रदेश र संघसम्म जनप्रतिनिधिहरु यसरी भ्रष्टाचारमा लिप्त भएका छन् कि जनतालाई गणतन्त्रप्रति नै वितृष्णा जगाई दिएको छ । र, त्यसको फाइदा नयाँ नयाँ दलहरुले लिइरहेका छन् । फ्रस्टेड जनताको बोलीमा बोली मिलाएर त्यस त्यसलाई झन भड्काउने काम गरिरहेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, राप्रपा, दुर्गा प्रसाई लगायतको दल तथा संगठनहरुले संघीयता र गणतन्त्रको विपक्षमा गतिविधि गरिरहेको निष्कर्ष सत्ताधारी दलको रहेका छन् । हिन्दु-मुस्लिमको लफडाले पनि सरकारलाई समस्यामा पारेको बुझाई यी दलका नेताहरुको रहेका छन् ।

काम आफूले गर्न नसक्ने, जनतासँग गरेको प्रतिबद्धता पुरा गर्न नसक्ने र दोष अरुलाई दिएर माओवादी, कांग्रेस, एमालेलगायतका दलहरु पन्छिन खोजिरहेका छन् । विगतमा पनि राजालाई यसरी दोष देखाएर आन्दोलन गरेका थिए अहिले नयाँ नयाँ दलतिर आफ्नो दोष पन्छाएर जनताबाट चोखिन खोजेका छन् । तर जनताको दिल र दिमागमा जे बसिकेका छन् त्यो निकाल्न

बाँकी पृष्ठ १२ मा

**लेख**

# शिक्षामा निजीकरण, व्यापारिकरण र राजनीतिकरण



■ कुमार कमलेन्द्रम्

**। देशका अधिकांश महिला आफ्नो मौलिक हक वा संवैधानिक अधिकार बारे अनभिज्ञ छन्। नेपालको संविधानले अधिकार पनि दिएको छ। संविधानले नेपाली महिलालाई के–कस्ता अधिकारहरू दियो ? ती पुग अपुग के छन्। त्यस उपर चर्चा हुनु आवश्यक छ**

**१. पृष्ठभूमि :**

युनेस्कोको सहयोगमा उड र कानाल को कार्यदलको सक्रियतामा आएको "राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-३२ " ले नेपाली शिक्षा जगतमा क्रान्ति ल्यायो | एकै खालको शिक्षा पद्धतिको विकास, नीति तथा कार्यक्रमको तर्जुमा, पाठ्यक्रम र मूल्यांकनको विकास, तालिम, निरीक्षण र अनुगमनको व्यवस्थाले शिक्षाले लय समातेको थियो | तर बि.सं.२०३७ मा निजिले प्रवेश पाएपछि र बि.सं. २०३९ मा विदेशी सहयोग बन्द भएपछि यो पद्धति धर्मराउन थाल्यो | बि.सं. २०४७ पछि निजीको व्यापक प्रवेशले गर्दा शिक्षाले अर्को मोड लियो | सरकारको शिक्षामा जिम्मेवारी तथा दायित्व, लगानी तथा निगरानी हुन छाड्यो | यही मौकामा निजिले शिक्षालाई ब्यापार बनायो | सार्वजनिक शिक्षालय दिनप्रतिदिन रुग्न हुदै गए भने निजि मोटाउदै गए |

त्यसमाथि चरम दलीय भागवण्डाले सार्वजनिक शिक्षाको गुदी तत्व 'गुणत्व' नै सिद्ध्यायो | त्यसैले विश्व बजारमा बिक्न सक्ने गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षा सहितको सबल सार्वजनिक तथा सामुदायिक शिक्षालय बिकासमा हाम्रो अहम भूमिका हुनुपर्दछ भन्ने विश्वासका साथ यो कार्यपत्र प्रस्तुत गरिएको छ |

**२. नेपालमा शिक्षा : ऐतिहासिक विकासक्रम**

नेपालमा औपचारिक रुपले शिक्षाको सुरुवात बि.सं. १९१० मा जंगबहादुर राणाले दरबार हाइस्कुल स्थापना गरेर गरेका हुन् | यधपि त्यो जनताको लागि खुल्ला थिएन | पछि देवशमशेरले जनताको लागि पनि खुल्ला गरेर शिक्षालाई व्यापक र जनमुखी बनाए | उनले ५७ वटा विद्यालयहरु खोलेर लेख्ने सिलेट बोर्ड र "अक्षराअंक शिक्षा" भन्ने पुस्तक निशुल्क वितरण गरे |

**तत्पश्चात बि.सं. १९७२ मा – चन्द्र मिडिल स्कुल सिरहा**

१९७५ मा त्रिभुवन चन्द्र कलेज काठमाडौं

१९८३ मा चन्द्र मिडिल स्कुल बारा

१९९० मा एस.एल.सी. बोर्ड

१९९५ मा आदर्श हाइस्कुल विराटनगर

१९९५ मा जुद्धोदय हाइस्कुल काठमाडौं

१९९५ मा त्रिजुद्ध हाइस्कुल बिरगंजमा स्थापना भएको थियो |

यसरी राणाकालमा नै शिक्षाको एक हदसम्म विकास भएको पाइन्छ | यसलाई शिक्षाको बिरोधकाल भनिन्छ |

बि.सं.२००७ सालमा प्रजातन्त्र स्थापना पश्चात शिक्षाको विकासमा व्यापकता आयो | मुलुकका बिभिन्न ठाउँमा समुदायको विशेष पहल र लगानीमा विद्यालयहरु खुले | बि.सं.२००७ देखि २०२७ सालसम्ममा भएको शिक्षाको विकासलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ |

क. नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (२०११)– शिक्षा सर्वसुलभ, राष्ट्रिय र निशुल्क हुनेछ "भन्ने उद्देश्यका साथ ४६ सदस्य आयोग गठन भयो |

ख. त्रिभुवन विश्वविद्यालयको स्थापना (२०१६) – यो नेपालकै जेठो र ठूलो विश्वविद्यालय हो।

ग. सर्वाङ्गिन राष्ट्रिय शिक्षा समिति (२०१८) –१४ वटा अंचल शिक्षा र ७५ वटा जिल्ला शिक्षा कार्यालय स्थापना

घ. शाही रास्ट्रिय शिक्षा आयोग (२०१९) –उड र कनालको आयोग जो युनेस्को को सहयोगमा बनेको थियो।

बि.सं.२०२८ सालमा "नयाँ शिक्षा योजना" वा "राष्ट्रिय शिक्षा पद्धतिको योजना" युनेस्कोको सहयोगमा लागु भयो। यसले देशका सम्पूर्ण शैक्षिक पद्धतिलाई एउटा सरकारी छातामुनी ल्यायो। सम्पूर्ण सामुदायिक स्कूल सरकारीकरण गरियो।

बि.सं. २०४७ मा आएको लोकतान्त्रिक व्यवस्था अनुरुप शिक्षालाई परिमार्जन गर्न "राष्ट्रिय शिक्षा आयोग" २०४९ आयो। कक्षा ११ र १२ लाई उच्च माविको मान्यता दिइयो। बि.सं. २०५५ मा "उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग" आयो। यसले प्राथमिक शिक्षा अनिबार्य तथा निशुल्क गर्ने नीति ल्यायो।

बि.सं. २०६२–६३ को आन्दोलनले राजतन्त्रको अन्त गर्यो। गणतन्त्रको स्थापना भयो। नेपालको अन्तरिम संविधान २०६३ मा माध्यामिक शिक्षा निशुल्क गर्ने नीति तथा आफ्नो मातृभाषामा शिक्षा पाउने हक दिलायो। बि.सं.२०७२ मा संघीय गणतान्त्रिक संविधानले धारा ३१ मा आधारभूत तहसम्म शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने नीति ल्यायो। संघीय संरचना अनुरुप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रुपमा "राष्ट्रिय शिक्षा नीति २०७६ "तर्जुमा गरेको छ। विद्यालय शिक्षा विधेयक २०८० शिक्षक आन्दोलनले गर्दा लागू भएन।

**३.शिक्षाको वर्तमान अवस्था**

नेपालको वर्तमान शैक्षिक अवस्था संघिय शिक्षा ऐन नआएर अन्योलग्रस्त छन्। संघीयताको मूल मर्म अनुरुप संघिय शिक्षा प्रणाली आएको छैन। मातृभाषामा पढाई शुरु भएको छैन। राष्ट्रिय शिक्षा नीति २०७६ कार्यान्वयन भएको छैन। सामुदायिक शिक्षालय प्रति समुदायको अपनत्व छैन। सार्वजनिक शिक्षाको गुणस्तरमाथि समुदायको विश्वास छैन। सरकारी शिक्षलायहरु विस्तारै खण्डहरमा परिणत भइरहेका छन्।

नीतिगत अन्यौलता, शिक्षण सिकाई प्रक्रिया अभिनव तथा अन्वेषनात्मक नहुनु, पाठ्यक्रम माटो सुहाउँदो नहुनु, मूल्यांकन तथा परीक्षा प्रणाली समयानाकुल र मर्यादित नहुनु, निस्कृय विद्यार्थी बढी हुनु, विद्यार्थी कक्षामा अनुपस्थित हुनु, दक्ष जनशक्ति विदेश पलायन हुनु, शिक्षालाई रोजगारसँग जोड्न नसक्नु आदि शैक्षिक समस्याहरु हुन्। शैक्षिक क्षेत्रमा भएको चरम निजीकरण र दलगत भागबण्डा प्रमुख देशाघातक शैक्षिक रोग हुन्।

**४.मधेशको शैक्षिक अवस्था र व्यवस्था**

राष्ट्रिय शैक्षिक अवस्थाभन्दा मधेशको शैक्षिक अवस्था झनै दयनीय छ। राष्ट्रिय शैक्षिक समस्या त मधेशमा छदैछ थपमा आफ्नै व्यथा छन्। आफ्नै मौलिकतामा आधारित शिक्षा प्रणालीको अभाव, शिक्षा कर्मचारीको अभाव, विषय शिक्षकको अभाव, विद्यार्थी संख्याको अनुपातमा शिक्षकको अभाव, शिक्षामा प्रादेशिक भूमिका गौण हुनु, शोध अनुसन्धान न्यून हुनु, अभिभावकले आफ्ना बच्चा पढाउन प्रदेश बाहिर पठाउने आदि समस्या छन्।

यस प्रदेशको एउटा जिल्ला पनि पूर्ण साक्षर भएको छैन। देशको साक्षरता दर ७६.२ प्रतिशत छन् भने मधेशको ६३.५ प्रतिशत मात्र रहेका छन्। सबैभन्दा कम साक्षरता भएको जिल्ला रौतहट (४९.४) हो (जनगणना २०७८)।

**मधेश प्रदेशको शैक्षिक अवस्थाको रुपरेखाः**

मधेश प्रदेशको शिक्षालाई अनौपचारिक र औपचारिक शिक्षा गरी दुई भागमा बाँड़ेको छ। औपचारिक शिक्षालाई बाल विकास, आधारभूत, माध्यमिक र उच्च शिक्षामा विभाजन गरिएको छ। बाल विकासमा महिला शिक्षिकाहरु बढी छन्। कक्षा १ देखि ८ सम्म आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षा र स्नातकदेखि विधाबारिधिसम्म उच्च शिक्षा कायम गरिएको छ। यस अन्तर्गतका शैक्षिक संस्था, विद्यार्थी र शिक्षक संख्या माथिको चित्रमा देखाइएको छ।

यस प्रदेशमा सामुदायिक सिकाई केन्द्र देशको १२.७८ प्रतिशत छन्। सबै संघीय सरकारले स्थापना गरेका छन्। यस प्रदेशमा जम्मा २७५ वटा सामुदायिक सिकाई केन्द्र छन् तर साक्षरता एकदम न्यून छन्। यस तथ्यांकले यी केन्द्रहरु प्रभावकारी ढंगले काम गरेका छैनन् भन्ने देखाउछ।

**टेबल १. सामुदायिक सिकाई केन्द्र**

| क्र .सं | विवरण | मधेश | नेपाल | प्रतिशत |
|---|---|---|---|---|
| १ . | सा . सि . केन्द्र | २७५ | २१५१ | १२.७८ % |

*स्रोत : शिक्षा मन्त्रालय , २०७९*

आधारभूत र माध्यमिक शिक्षामा शिक्षक– बिद्यार्थी अनुपात १:५४ छ। एकजना शिक्षकलाई ५४ जना विद्यार्थी हेर्नुपर्छ जो कि सम्भव नै छैन। यो समस्या सामुदायिक स्कूलमा अझ भयाभय छ।

**टेबल २: कक्षा १–१२ सम्मको विद्यालय विद्यार्थी र शिक्षक विवरण**

| क्र.सं . | विवरण | मधेश | | | नेपाल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | समुदाय | निजि | जम्मा | | |
| १. | विद्यालय | ३५९६ | १०७४ | ४६७० | ३६०३२ | १२.९६% |
| २. | विद्यार्थी | १२६३१३२ | २७२७१० | १५३५८४२ | ७२२२३९७ | २१.२६% |
| ३. | शिक्षक | २०१६१ | ८३६० | २८५२१ | १५४१२१ | १८.५०% |

*स्रोत : शिक्षा मन्त्रालय , २०७९*

**टेबल ३ . नमुना विद्यालयको विवरण**

| क्र.सं | विवरण | मधेश | नेपाल | प्रतिशत |
|---|---|---|---|---|
| १. | नमुना विद्यालय | ६५ | ४२२ | १५.४०% |

*स्रोत : शिक्षा मन्त्रालय , २०७९*

यस प्रदेशमा ६५ वटा नमुना विद्यालयहरु छन् तर एउटा पनि प्रधानाध्यापक कार्यदक्षता, इमान्दारिता, कार्यसम्पादन मुल्यांकन, योगदान र निष्पक्षताका आधारमा नियुक्त हुदैनन्।

मधेश प्रदेशबाट जम्मा दुई जना शिक्षक विज्ञ शिक्षकमा सुचिकृत भएका छन् र

**टेबल ४: सुचिकृत विज्ञ शिक्षक**

| क्र.सं | विवरण | मधेश | नेपाल | प्रतिशत |
|---|---|---|---|---|
| १ | विज्ञ शिक्षक | २ | ९४ | २.१% |

*स्रोत : शिक्षा मन्त्रालय , २०७९*

त्यस्तै यस प्रदेशबाट सार्वजनिक विद्यालयतर्फ ४ जना शिक्षक रास्ट्रिय शिक्षा पुरस्कार २०८० बाट पुरस्कृत भए। राष्ट्रिय शिक्षा दिवस २०८० को मूल नारा समावेशी र सिपमूलक शिक्षा स्वदेशमै युवा राष्ट्रको इच्छा।'

**टेबल ५ . पुरस्कृत शिक्षकको विवरण**

| क्र.सं | विवरण | मधेश | नेपाल | प्रतिशत |
|---|---|---|---|---|
| १ | पुरस्कृत शिक्षक | ४ | ७२ | ५.५% |

*स्रोत : शिक्षा मन्त्रालय , २०७९*

**उच्च शिक्षा**

मधेश प्रदेशमा जम्मा तीन वटा विश्वविद्यालय, १२३ वटा क्याम्पस र ३८ हजार ८८७ विद्यार्थी छन्। एउटा राष्ट्रिय र दुई प्रादेशिक विश्वविद्यालय छन्। नौ वटा सरकारी क्याम्पस, ४१ वटा सामुदायिक र ७३ वटा निजि क्याम्पस छन्।

**टेबल ६: विश्वविद्यालयको विवरण**

| क्र.सं | विवरण | मधेश | नेपाल | प्रतिशत |
|---|---|---|---|---|
| १ | विश्वविद्यालय | ३ | १७ | १७.६४% |

*स्रोत : UGC, 2020/21*

**टेबल ७ : मधेशमा क्याम्पसको विवरण**

| क्र.सं | विवरण | मधेश | नेपाल | प्रतिशत |
|---|---|---|---|---|
| १ | आंगिक | ९ | १५० | ६% |
| २ | सामुदायिक | ४१ | ५३७ | ७.६% |
| ३ | निजि | ७३ | ७५३ | ९.६९% |

*स्रोत : UGC, 2020/21*

मधेश प्रदेशमा स्थापना भएका विश्वविद्यालयहरु कार्यात्मक नहुनु, राजर्षी जनक विश्व विद्यालयमा एउटा पनि आंगिक क्याम्पस नहुनु ,गतिलो राष्ट्रिय पुस्तक प्रकाशन संस्था नहुनु आदि र मधेशको एउटा पनि क्यामपसमा एम.फिल. र विद्यावारिधिको पढाई हुँदैन। मधेशका जम्मा दुई वटा क्याम्पसहरु QAA प्राप्त छन्।

**टेबल ८ : मधेशमा QAA प्राप्त क्याम्पसको विवरण**

| क्र.सं | विवरण | मधेश | नेपाल | प्रतिशत |
|---|---|---|---|---|
| १. | क्यु.ए. ए. प्राप्त क्याम्पस | २ | ७७ | २.६ % |

*स्रोत : UGC, 2020/21*

**टेबल ८ : मधेशमा विभिन्न संकायका क्याम्पस र विद्यार्थीको विवरण**

| क्र.सं | विवरण | क्याम्पस | विद्यार्थी |
|---|---|---|---|
| १ | एग्रिकल्चर | १ | १५७ |
| २ | एनी /भेट /फिस | ० | - |
| ३ | आयुर्बेद | १ | २४ |
| ४ | फोरेस्त्री | ० | - |
| ५ | मेडिसिन | ८ | ८०८ |
| ६ | इन्जिनिरिंग | १ | ६३१ |
| ७ | बिज्ञान र प्रबिधि | ११ | २२०० |
| ८ | मानविकी | २३ | १६४० |
| ९ | ब्यबस्थापन | ७१ | १७८१९ |
| १० | शिक्षा | ६८ | १४६१९ |
| ११ | कानुन | २ | ७०३ |
| १२ | संस्कृत | २ | २८६ |

*स्रोत : UGC, 2020/21*

मधेशमा एनिमल, भेटनरी, फिसरी, फोरेस्ट्रीको पढाई हुने क्याम्पस नहुनु जबकी बेकामे संस्कृत पढाई हुने दुई वटा क्याम्पस छन्। जसलाई भाषिक विश्वविद्यालयमा परिणत गर्न आवश्यक छ।

**३.संघीय शिक्षा प्रणाली: आजको आवश्यकता**

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र भएदेखि संघीय शिक्षा प्रणाली लागु गर्नुपर्छ। शिक्षा, स्वास्थ्य, खानेपानी प्रदेश सरकार मातहत राख्नुपर्छ। प्रदेशको आफ्नो मौलिकता, संस्कृति र माटो तथा पर्यावरण अनुसार शिक्षा नीति तथा कार्यक्रम र शैक्षिक प्रणाली लागु गर्नुपर्छ। तराईमा कृषि तथा वन शिक्षा , पहाडमा खानी उत्खनन् शिक्षा र हिमालमा जडिबुटी तथा पर्यटन शिक्षा प्रणाली लागु गर्नुपर्छ। जस्तै सिरहामा आँप खेतीको व्यवहारिक पढाई हुने व्यवसायिक तथा प्राविधिक शिक्षालय चाहियो। गाँजा खेतीको व्यवस्थित पढाई चाहियो।

जलस्रोत विज्ञानको अध्यन नेपालमा अति आवश्यक छ। जलस्रोतको उपयोग गर्न सक्ने प्राविधिक शिक्षा जसबाट सिंचाई, जल पयर्टन, जलविद्युत, माछा पालन आदि गरि आर्थिक विकास गर्न सक्नु पर्छ। जल्विद्युतको विकास गर्न सके पेट्रोलियम पदार्थको विस्थापन गरि चुलोदेखि गाडीसम्म विजुलीबाट चल्ने बनाउन सकिन्छ।

आफ्नो भाषा, संस्कृति, लिपि र सम्पदाको सम्बद्र्धन र विकास गर्न आफ्नै प्रदेशको आवश्यकता र माटो सुहाउँदो पाठ्यक्रम लागु हुनुपर्छ।

प्रादेशिक विश्वविद्यालयको स्थापना, संचालन र कार्यदक्षता बढाउनुपर्छ। अहिले यस प्रदेशमा दुई वटा प्रादेशिक विश्वविद्यालय छन्, मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालय तर आवश्यकता र स्रोतको उपलब्धता अनुरुप कुनै शैक्षिक कार्यक्रम छैन।

समाजमा विद्यमान जाति र धर्मागत संरचना र त्यसमा आधारित सामाजिक पछयौटेपन, कुरुती, विभेद, शोषणको विस्थापन गरेर सभ्य, सुसंस्कृत र विकसित समाज निर्माण गर्न तथा जात व्यवस्था उन्मुलनको लागि सोशल इन्जिनियरिङको व्यवस्थित पढाई अति आवश्यक छ।

४.सार्वजनिक शिक्षाको सबलीकरणः निजीकरण्को अन्त्य

देशभरका ३४ हजार विद्यालयमा २.५ लाख शिक्षक छन् भने ७० लाख विद्यार्थी पढ्छन् (कान्तिपुर)्र तर सार्बजनिक शिक्षा अहिले नाजुक अबस्थामा छ्र सार्बजनिक। शिक्षा सबल बनाउन निम्न उपायहरु अपनाउनु पर्छ।

क.सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि गर्नेः समयमै पाठ्यक्रम सिद्धाउने, पढाउन भन्दा सिकाउन जोड दिने, सिकाई भयो भएन भन्ने कुराको नियमित मुल्यांकन गर्ने।

ख.शिक्षकको पेशागत दक्षता, स्तर वृद्धि, उतरदायित्व र इमानदारिता : शिक्षकलाई तालिम दिने, गोष्ठी तथा सेमिनार गर्ने, अन्तरक्रिया गर्ने, शिक्षक सहयोगी पुस्तक निकाल्ने। शिक्षकले आफ्नो कामको जवाफदेहिता लिने। आफू सरकारीमा पढाउने, बच्चा नीजिमा पठाउने, पार्टीको झोला बोक्ने यो शिक्षकको इमानदारिता होइन। साथसाथै शिक्षकको सम्मान गर्नुपर्छ।

ग.विद्यालय र शिक्षक विकासको लागि लगानी गर्नेः आवश्यक शिक्षक दरबन्दी पूर्ति गर्ने, एकै खालको शिक्षक व्यवस्था गर्ने, विद्यालयको भौतिक विकास गर्ने

घ.संघीय शिक्षा नीति लागु गर्ने

ङ अनुगमन, निगरानी र निरीक्षण गर्ने

च.समुदायको उतरदायित्व, विश्वास र अपनत्व

छ.चरम निजीकरण र राजनीतिकरणको अन्त्य

ज.एकल पेशागत शिक्षक परिषद् हुनुपर्ने

झ.उत्कृष्ट शिक्षकलाई पुरस्कार र लापरवाही गर्नेलाई कारबाही गर्ने

**५.उपसंहार :**

विकास र समृद्धि उन्मुख संघीय तथा स्वायत नयाँ शिक्षा प्रणाली जसले वर्गीय र विभेदित शिक्षाको अन्त्य गरी सर्वसुलभ, समान र प्रतिस्पर्धी शिक्षा दिन सकोस् संविधानले दिएको हक र व्यवस्था अनुसार निशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सबैले पाउनुपर्छ भने प्रत्येक समुदायले आफ्नो मातृभाषामा शिक्षा पाउनुपर्छ। आर्थिक उन्नति र आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्ने रोजगार उन्मुख सिपमुलक तथा प्राविधिक शिक्षाको व्यवहारत विकास गर्नुपर्छ। हरेक पालिकामा बाल विकास केन्द्र, मनोपवैज्ञानिक परामर्श सेवा, पुस्तकालय, नेचर क्लब आदिको व्यवस्था गर्नुपर्छ।

आफ्नो देशको शैक्षिक उत्पादनले आफ्नै देशको चौतर्फी विकासमा योगदान दिन सक्ने शिक्षा प्रणालीमा जोड दिनुपर्छ जसले दक्ष जनशक्ति बाहिर जान बाट रोकोस्।

६. सन्दर्भ समाग्रीः

१.पौडेल, लेखनाथ। नेपालमा शिक्षाको विकास।

२.प्रा.शर्मा, चिरिन्जीबी शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार।

३.राष्ट्रिय शिक्षा नीति, २०७६।

४.कान्तिपुर, ७ भदौ २०८०।

५.शिक्षक मासिक, भदौ २०८०।

६.कान्तिपुर, १२ भदौ २०८०।

७.खतिवडा, नारायण। सामाजिक अध्ययन तथा जीवन उपयोगी शिक्षा

(लेखक कुमार कमलेन्द्रम् जे.एस.मुररका बहुमुखी क्याम्पस, लहानको उप–प्राध्यापक हुनुहुन्छ। जगिया–जानकी स्मृती प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा उहाँले यो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो )

**अन्तरवार्ता**

# मुस्लिमहरु नागरिकताधारी नागरिक मात्र हुन्



**विनय यादव, अध्यक्ष, राष्ट्रिय एकता अभियान**

**देशमा यतिखेर हिन्दु–मुस्लिम समुदायबीच द्वन्द छ। केही दिनदेखि शान्त छ तर चुप छैन। कुनैबेला त्यो ज्वाला जस्तो विस्फोट हुनसक्छ। तराई मधेशका कुनै पनि जिल्ला बाँकी छैन जहाँ हिन्दु, मुस्लिमबीच झडप नभएको होस्। हिन्दु राष्ट्र निर्माण तथा हिन्दु धर्मको संरक्षणका लागि यतिखेर तराई मधेशमा विभिन्न संघ संगठनहरु सक्रिय छन्। त्यसमध्येको एक हो राष्ट्रिय एकता अभियान। राष्ट्रिय एकता अभियानले संघीय गणतान्त्रिक हिन्दु राष्ट्र निर्माणका लागि अभियान चलाइ रहेको छ। मुस्लिम तथा चीनको विरुद्धमा अलि कडा रुपमा प्रस्तुत हुँदै आएको अभियानले मेची–महाकाली यात्राको तयारी थालेको छ। निकट भविष्यमै अभियानलाई राजनीतिक पार्टीमा रुपान्तरण गर्ने तयारीमा लागेका अभियानका संयोजक विनय यादवसँग हिन्दु–मुस्लिमसँग झगडा, चीनको गतिविधि, मेची–महाकाली यात्रालगायतका विषयमा सहारा टाइम्सका लागि गरिएको कुराकानीको सम्पादीत अंशः**

**तपाई हिन्दु राष्ट्र निर्माण तथा संरक्षणका लागि अभियान चलाई रहनु भएको छ तर पछिल्लो समय हिन्दु र मुस्लिमबीच द्वन्द बढेका छन् किन त्यस्तो ?**

यो नेपाल देव भूमी हो। यो जानकी माताको देश हो। बुद्धको देश हो। बराहको देश हो। मुक्तिनाथ, पशुपतीनाथ, सगरमाथाको देश हो। नेपाल दुनियाँको एक मात्र हिन्दु देश हो। २०६२-६३ को जनआन्दोलनको एजेण्डा धर्मनिरपेक्ष थिएन। तर त्यो बेलाको तत्कालिन शाही सरकारले आफ्नो पकेटको हिन्दु संगठनलाई प्रयोग गरेर आफूलाई विष्णु अवतार भनेर महिमामन्डन गर्न लगाए। आफ्नो खुट्टा धुन लगाएर त्यसलाई चरणाअमृत भनेर पिउन लगाए। राजनीतिक दलको इसारामा विदेशीहरु आए। यी दुवैको समिश्रणले देश धर्मनिरपेक्ष भयो। धर्मनिरपेक्ष हुँदा पनि खासै फरक थिएन। हिन्दु धर्मभन्दा दुनियाँमा अरु कुनै धर्मनिरपेक्ष छदैछैन। हिन्दु नै यस्तो धर्म हो जसले कसैलाई निषेध गर्दैन। इसाइको धर्मलाई हेर्नुहुन्छ भने त्यसको बाइबलले अरु धर्मलाई स्विकार गर्दैनन्, अरुलाई स्विकार गर्ने विचार छैन। इस्लाम धर्मले पनि अरुको अस्तित्वलाई स्विकार गरेको छैन। तर हिन्दुले सबैलाई स्विकार गरेको छ। धर्मनिरपेक्षताको नाममा यो देशका नेताहरु हिन्दुलाई समाप्त पार्ने चलखेलमा लागेका छन्। इस्लाम र इसाई धर्मले जसरी अरुलाई स्विकार गर्दैनन्, त्यसरी नै कम्युनिष्टहरुले अरुलाई स्विकार गर्दैन। यी तीनटैले अरुको अस्तित्वलाई स्विकार गरेका छैनन्। धर्मनिरपेक्षताको नाममा इसाइहरुले पिता प्रमेश्वरको नाम लिएर चर्चहरु विस्तार गर्न थाले, इस्लामहरुले धर्मको नाममा जिहादीहरु तयार गर्न थाले भने कम्युनिष्टहरुले नेपालमा चिनियाँ विस्तारवादलाई ठाउँ दिए। र त्यसपछिको दिनमा हिन्दुमाथि प्रहार सुरु भएको हो। विदेशबाट मुस्लिम मौलानाहरु आएर जिहादीको प्रशिक्षण दिइरहेका छन्। तराई मधेशमा हिन्दुले कुनै पुजापाठ गरिरहेका छन् भने त्यहाँ मुस्लिमहरुले भाँड्ने काम गरिरहेका छन्। हुलदङ्गाको काम गरिरहेका हुन्छन्। छठ पुजा लिएर विवाद हुँदा राधेश्याम पटेलको हत्या मुस्लिम समुदायबाट भएको थियो। सुनसरीमा अष्टाम भाँड्ने काम गर्‍यो, धनुषा, महोत्तरी, सर्लाही, सिरहाहरुमा पनि त्यस्तै त्यस्तै क्रियाकलाप मुस्लिमबाट भएको हो। विदेशी मौलानाहरु तराई मधेशमा रहेका मुस्लिमलाई प्रशिक्षण दिन थालेपछि हिंसा भड्किएको हो। हिन्दुहरुमाथि जाई लागेपछि अब हामी पनि संगठित हुनुपर्छ भनि त्यसमा लागेका हौं।

**तपाईले यो देव भूमी हो, जानकी र बुद्धको देश हो भने जस्तै यो देश त मुस्लिमहरुको पनि हो, होइन र ?**

यो देश हिन्दु सनातनकै देश हो। इस्लामिक सँस्कृति नेपालको सँस्कृति होइन। इस्लामिक सँस्कृति तालिवानबाट आयातित सँस्कृति हो। कसैको घरमा भाडामा बस्न गएपछि केही दिनपछि यो घर मेरै हो भनि भन्न पाइदैन। इस्लामिक धर्म तथा सँस्कृतिलाई हामी सम्मान गर्छौं। तर यो चाहि होइन कि यो देश इस्लामिक देश हो। यो देश सनातन सँस्कृतिको देश हो, हिन्दु समुदायको देश हो। ८४ प्रतिशत हिन्दुको जनसँख्या भएको देश इस्लामको कसरी हुनसक्छ त्यो सम्भव नै छैन। इस्लाम धर्मलाई पनि सम्मान गर्छौं। उहाँहरुले पनि आआफ्नो पुजा पाठ गरिरहनु भएको छ। त्यसमा हाम्रो कुनै गुनासो छैन। उनीहरुले हिन्दुहरुको पुजापाठ, चाडपर्वहरुलाई मुस्लिमले देखि सहन सकेका छैनन्। यो इस्लामिक र इसाइको हुनै सक्दैन। तर यो देशलाई जबर्जस्ती इस्लामिक देश बनाउन षड्यन्त्र भइरहेको छ।

**राजाहरुले आफूलाई विष्णु अवतार भनि यो देशलाई हिन्दु राष्ट्र घोषणा गर्नुभएको थियो तर इतिहास हेर्ने हो भने यो देश बनाउन, राज्य एकीकरण गर्नका लागि मुस्लिमहरुको पनि योगदान छ नि यो कुरा तपाई किन स्विकार गर्नुहुन्न ?**

नेपालमा राजाको कारणले हिन्दु धर्म आएको होइन। यो धर्म सनातनदेखि चल्दै आएको धर्म हो। यो देशमा सनातन हिन्दु सँस्कृतिको धर्म हो। इतिहासको कुरा गर्ने हो भने धेरै कुरा संशोधन गरी तोडमोड गरी हालिएका हुन्छन्। त्यसलाई आआफ्नो तरिकाले ब्याख्या गरिरहेका हुन्छन्। पृथ्वीनारायण शाहले देश एकीकरण गर्ने बेला कुखुरी र अन्य हतियार बनाउन मुस्लिमहरुलाई ल्याउनु भएको थियो रे पछि उनीहरु नेपालमै बस्न थालेको इतिहास छ। तर यो कुरा पत्याउन गाह्रो छ। इतिहासलाई तोडमडोड गरेका छन्। लोहाको काम त लोहारले गर्ने हो, मुस्लिमहरु त छालाका व्यपारी हुन्। मुस्लिमहरुलाई खुशी पार्नका लागि इतिहासलाई तोडमडोड गरेका छन्। हामीले त्यो इतिहासलाई मान्दैनौं।

**तपाईको विचारमा मुस्लिमहरु नेपाली होइन ?**

नागरिकताधारीको हिसावले नेपाली नागरिक हुन् तर सँस्कृति र पहिचानका हिसाबले नेपाली होइन। जो नेपालीको भित्रि मनमा नेपाली मौलिक सँस्कृतिसँग माया छैन, प्रेम छैन, जसलाई तालिवानी सँस्कृति फैलाउनमा रुची छन्, त्यो वास्ताविक नेपाली हुन सक्दैन। कसैलाई इटलीको सँस्कृति प्यारो छ भने कसैलाई तालिवानको सँस्कृति प्यारो छ भने त्यो नागरिकताधारी भएपनि असल नेपाली हुनसक्दैन।

**तपाईको अभियानमार्फत विशेष गरी मुस्लिम लक्षित कार्यक्रम भइरहेका हुन्छन् तपाईहरु मुस्लिमको विरुद्धमा अभियान चलाई रहनुभएको छ कि हिन्दुलाई संरक्षण गर्न ?**

हामी मुस्लिम विरोधी होइनौं, हामी जिहादीको विरोधी हौं, आतङ्कवादको विरोधी हौं। जो मानवताको विरोधी हुन्, हामी त्यसका विरोधी हौं। जो विदेशीको इसारामा नेपालमा हिंसा मचाउन खोजिरहेका छन्, हामी त्यसका विरोधी हौं। आजको आवश्यकता अनुसार हिन्दु समाजलाई संगठित गर्ने र आत्मरक्षाका लागि तयार पार्ने काम हामी गरिरहेका छौं।

**नेपालका मुस्लिम जिहादी (आतङ्कवादी) त होइन नि ?**

नेपालका मुस्लिमहरु निकै सज्जन थिए। तर विदेशी मौलानाहरु नेपालमा आएर धर्मको नाममा मुस्लिमहरुलाई जुन प्रशिक्षण दिए, आफ्नो कौम (समुदाय)का लागि मार्ने र मर्नसम्मको तरिका सिकाए, जिहादीको लाइनमा जान उक्साए त्यसबेलादेखि नेपालका मुस्लिमहरु पनि जिहादीको बाटो समातेका छन्। युवा मुस्लिमलाई जुन प्रशिक्षण दिएका छन्, त्यसले गर्दा तराई मधेशमा हिंसा, हत्या बढेका छन्। युवाहरुलाई देशको विरुद्धमा, हिन्दुको विरुद्धमा उक्साई रहेका छन्। उनीहरुलाई तलबार तथा अन्य हतियारहरु चलाउन सिकाइ रहेका छन्। त्यसले गर्दा मधेश अहिले हिंसात्मक बन्दै गइरहेको छ।

**विदेशबाट मौलानाहरु आएर प्रशिक्षण दिएपछि यस्तो भएको हो भनि तपाईहरुले भन्नुहुन्छ, मुस्लिमहरुले पनि भारतलगायत अन्य ठाउँबाट हिन्दुहरु आएर नेपालमा मुस्लिमको विरुद्धमा गतिविधि गरिरहेका छन् भन्छन् नि यसमा तपाईको भनाई के छ ?**

दुनियाँमा कतै पनि हिन्दु देश छैन। दुनियाँमा धर्मनिरपेक्ष देश छन् कि इस्लामिक देश छन् कि इसाइ धर्म मान्ने देश छन्। हिन्दु राष्ट्र कतै छैन भने कहाँको हिन्दु नेपाल आएर त्यस्तो गर्छन् त। भारत एउटा धर्मनिरपेक्ष देश हो, त्यहाँ हिन्दुको मात्र कुरा हुँदैन सबै धर्मको कुरा हुन्छ। यस्तो परस्थितिमा नेपाललाई कसले सहयोग गर्छन्। नेपाल मात्र एउटा हिन्दु राष्ट्र हो। अरु देशले नेपालका हिन्दुलाई सहयोग गरे भनि आरोप मिथ्या आरोप हो। यदि नेपाली हिन्दु धर्मलाई बाहिर सयोग भएको भए नेपाल संवैधानिक रुपमा धर्मनिरपेक्ष राज्य हुँदैन्थ्यो। उहिले हिन्दु राष्ट्र घोषणा भइसकेको हुन्थ्यो।

**तपाईहरुको अभियानले चीनको पनि विरोध गरिरहेको हुन्छ, चीनको विरोध किन ?**

हामीले चीनको विरोध गरेका होइनौं, चीनले नेपालसँग जुन खेलबाड गरिरहेको छ, त्यसको विरोध गरिरहेका छौं। कुटनीतिक मार्यादा विपरित गएर नेपालको भूमी समय समयमा मिच्ने, नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने, मन लागेको बेला नाका खोल्ने, मन नलागेको बेला नाका बन्द गरिदिने, नेपालबाट अध्ययन गर्ने जाने विद्यार्थीको पढाईमा अवरोध पुर्‍याई दिने जस्ता काम चीनले गर्दै आएका छन्। नेपाललाई तिब्बतीकरण गर्ने जुन प्रयास गरिरहेको छ त्यसको हामी विरोध गरिरहेका छौं। हामीलाई चीनमाथि जुन शंका थियो, त्यो विस्तारै पुष्टि हुँदै गइरहेका छन्। सन् २०१२ मा नेपाल र चीनबीच पोखरा अन्तराष्ट्रिय विमान स्थल बनाउने सम्झौता भएको थियो। सन् २०१७ मा चीनसँग बीआरआइको सम्झौता भएको थियो तर अहिले आएर त्यो पोखरा विमान स्थलको निर्माण कार्य बीआरआइअन्तरर्गत नै भएको हो भनि चीन पक्षको दावी रहेको छ। पोखरा एयरपोर्ट र बीआरआइबीच कुनै साइनो छैन।

**निकट भविष्यमै अभियानलाई पार्टीको रुपमा रुपान्तरण गर्दै हुनुहुन्छ यसरी ठूला छिमेकी राष्ट्र चीन, पाकिस्तान, ठूलो जनसँख्या भएको मुस्लिमलाई चिढाएर पार्टी चलाउन सक्नु हुन्छ त ?**

अभियानलाई पार्टी नै बनाउने निर्णय अहिले गरिसकेका छैनौं। तर हामी आफ्नो राष्ट्रियता र पहिचानका लागि काम गर्ने हो। नेपाल आमाको अस्मिताका लागि लडि रहँदा कसैले आफ्नो विरोधी ठान्छन् भने यो विरोध नै सही। भोली पार्टीको रुपमा परिणत भइ नै दिए पनि हामी आफ्नो नेपाल आमाको अस्मिताका लाीग जो कोहीसँग लड्छौं। हामीलाई नेपाली जनतासँग सरोकार छ, हामीलाई हिन्दु सँस्कृतिसँग सरोकार छ तर चीनसँग, पाकिस्तानसँग, मुस्लिम वा अन्य कुनै मुलुकसँग सरोकार छैन। तर हामी वैदेशिक कुटनीतिक मर्यादाभित्र रहेर नै सबै कार्य र गतिविधि गर्छौं र गरिरहेका छौं। हामी कसैको विरोधी होइनौं तर हामीमाथि कोही जाइ लाग्यो भने हामी कसैलाई छोडदैनौं।

**त्यसो भए नेपाललाई हिन्दु राष्ट्र कहिलेसम्म बनाउनु हुन्छ ?**

नेपाल हिन्दु राष्ट्र थियो, हिन्दु राष्ट्र छ र रहनेछ पनि। सिर्फ संविधानमा मात्र धर्मनिरपेक्ष उल्लेख भएको छ। तर नेपालमा हिन्दुका सबै गतिविधि जारी नै छन्। कुनै हिन्दु कतै गएका छैनन्। मठ, मन्दीर, पार्टी, पौवा कहि गएका छैनन्। हिन्दु राष्ट्रको बेला जस्तो थियो अहिले पनि त्यस्तै छन, सिर्फ फरक भनेको संवैधानिक रुपमा धर्मनिरपेक्ष राष्ट्र भनेको छ। हाम्रो प्रयास संविधानबाट धर्मनिरपेक्ष राष्ट्र हटाएर गणतान्त्रिक हिन्दु राष्ट्र उल्लेख गराउने रहेको छ। हामी जनतामा चेतनाको विकास गरेर जुन दिन दबाव बढाउनका लागि जनआन्दोलन गर्छौं त्यो दिन संविधानबाट पनि धर्मनिरपेक्षता हराउँछ र संघीय गणतान्त्रिक हिन्दु राष्ट्र निर्माण हुन्छ।

**तपाईहरु मेची-महाकाली यात्रा सञ्चालन गर्न लाग्नु भएको छ, खासमा त्यो यात्राको उद्देश्य के हो ?**

यो देश धर्मनिरपेक्ष देश हो भने सबै धर्मलाई समान व्यवहार गर्नुपर्छ। धर्मनिरपेक्षताको आधारमा कसैलाई काखा र कसैलाई पाखा गर्नुहुँदैन। एकल धर्मको विकासका लागि मुस्लिम आयोगको स्थापना किन ? यो प्रश्न चौतर्फी उठ्न थालेका छन्। यदि मुस्लिम धर्म हो भने हिन्दु पनि धर्म हो, बौद्ध पनि धर्म हो, किराँत पनि धर्म हो। मुस्लिमको आयोग बने जस्तै हिन्दु, बौद्ध, किराँतलगायत अन्य धर्मको पनि आयोग बन्नुपर्छ। मधेशी आयोग छ, थारु आयोग छ, दलित आयोग छ। यिनैमध्ये कुनैमा मुस्लिमलाई समावेश गर्दा हुन्थ्यो। त्यतिकै पनि मुस्लिमहरु आफूलाई मधेशी ठान्छन्। तर राज्यले जवर्जस्ती छुट्टै राख्न खोजेको छ। त्यसमा हाम्रो विरोध छ। या धर्मनिरपेक्ष राज्य हो भने सबै धर्मलाई समान अधिकार दिनुपर्छ सबै धर्मको एउटा एउटा आयोग बनाइ दिनुपर्छ। धर्मनिरपेक्षलाई मर्यादित बनाउनका लागि मुस्लिम आयोग खारेज गर्नुपर्छ। मुस्लिम आयोग खारेज गर या हिन्दु, बौद्ध, किराँत धर्मको पनि आयोग बनाउ भनि नाराका साथ हामी मेची-महाकाली यात्रामा निस्किने तयारीमा लागेका छौं। त्यो जनसंवाद यात्रा पनि हुनेछ। यात्राको माध्यमबाट गाउँगाउँ गएर जनजागरण गराएर यो देशमा जनताको आन्दोलन गर्नेछौं।

# छठको महिमा




■ विद्यानन्द राम

*उगहे सुरज देव भेल भिनसरबा अरघके रे बेरबा पुजनके रे बेरबा हो*
*बडकी पुरकारे देब दुनु कल दोरबा अरघके रे बेरबा पुजनके रे बेरबा हो...*


तराई मधेसमा यतिखेर यी गीतहरु गुञ्जयमान भएका छन् । घरघरमा छठको तयारी सुरु हुँदा सबैको मुखमा छठी पर्वका गीत झुन्डिएका छन् ।

*केलवा के पात पर उगेलन सुरुज मल झाके झुके*
*हे करेलु छठ बरतिया से झाके झुके ...*
*छठ पर्वका लागि जोहो गरिने अन्न, फलफूल र पूजा सामग्रीको वर्णन गीतबाटै गरिन्छ ।*
*काँच हि बाँसके बहंगीया, बहंगी लचकत जाय*
*होई न बलम जी कहरिया बहंगी घाँटे पहुचाय...*

अर्थात् काँचो बाँसबाट बनेको डालोमा सरसामान राखेर छठ घाटमा पुऱ्याउन छठ माताले परिवारका पुरुषहरूलाई शक्ति दिऊन् र उनीहरू घाटमा पुगुन् भनि सन्देश यो गीतले दिएको छ । छठको आफ्नै महिमा छ तर गीतले त्यसको महत्व अझै बढाई दिएको छ ।

समाजमा भाइचारा, प्रेम र सहिष्णुता अभिवृद्धिको द्योतक महान छठ पर्वको रौनक छाएको छ । एक दशकअघिसम्म तराईमा मात्र हर्षोल्लासका साथ मनाइने छठ तराई, पहाड, हिमालसम्म मनाउन थालिएको छ । श्रद्धा र निष्ठासहित गरिने सूर्य पूजाको सांस्कृतिक पर्व छठ विभिन्न समुदायले विधिविधान पालन गरी मनाउँछन् । पहिला यसलाई हिन्दुहरुको महान पर्व भनिन्थ्यो तर अहिले यो समाजवादी र गणतान्त्रिक पर्व भएको छ अर्थात सबै समुदाय पर्व भएको छ ।

कात्तिक शुक्लपक्षको षष्ठी तिथिमा मनाइने छठको विधिविधान ४ दिनको हुन्छ ।



- कात्तिक शुक्ल चर्तुदशीका दिनदेखि छठ आरम्भ हुन्छ । दशैं र तिहार लगतै शुरु हुने छठ नितान्त सूर्यको उपासना गरी मनाइन्छ ।
- विधिवत् रूपमा शुरु भएको छठको दोस्रो दिनलाई खर्ना भनिन्छ । यस दिनमा नुहाएर चोखो भई साँझपख व्रतालुहरूले सखरको खिर, लौकाको तरकारी जस्ता शुद्ध भोजन ग्रहण गर्दछन् ।
- छठको तेस्रो दिन अर्थात् छठ पर्व । यस दिनमा व्रतालुहरू पानी समेत नपिई निराहार बस्दछन् ।
- षष्ठीका दिन अस्तयाचल सूर्यलाई जलाशयको घाटमा गएर अर्घ्य दिनुपर्छ । त्यसका लागि धेरै प्रकारका नैवेद्य तयार पारिन्छ ।
- मारबौ रे सुगवा धनुषसे सुगा गिरे मुरछाय'' 'छठ'लाई चढाउने केरा बोटमै हुँदा पनि सुगा वा अन्य कुनै पशुपंक्षीले नखाऊन् भन्ने मान्यता छ । त्यसकारण गीतबाटै पशुपंक्षीलाई समेत सचेत गराउन खोजिएको छ ।

# र मनाउने विधि

**छठको पहिलो दिन (कात्तिक शुक्ल चतुदर्शी)**

कात्तिक शुक्ल चर्तुदशीका दिनदेखि छठ आरम्भ हुन्छ । दशैं र तिहार लगतै शुरु हुने छठ नितान्त सूर्यको उपासना गरी मनाइन्छ । छठको शुरुवात मानिने यस दिनलाई ब्रतालुहरू नहान खान (नहाए खाए) भन्दछन् । बिहानै उठेर हात खुट्टाको नङ काट्छन र चोखो पानीले नुहाई-धुवाई गरी सफा कपडा लगाएर पूजा गरी शुद्ध भोजन गर्दछन् । भनिन्छ, यस दिनमा ब्रतालुहरूले प्रण गर्दछन् 'म अब जथाभावी खाँदिन र तन मनले प्रभुको शरणमा बस्नेछु ।'

**छठको दोस्रो दिन (कात्तिक शुक्ल पञ्चमी)**


विधिवत् रूपमा शुरु भएको छठको दोस्रो दिनलाई खर्ना भनिन्छ । यस दिनमा नुहाएर चोखो भई साँझपख व्रतालुहरूले सख्खरको खिर, लौकाको तरकारी जस्ता शुद्ध भोजन ग्रहण गर्दछन् । यस दिनमा एकछाक मात्र भोजन गर्नुको कारण भने छठको दिन अर्थात् अघिल्लो दिनमा दिनभरि पानी समेत नपिई निराहार व्रत बस्नुको पूर्वाभ्यास हो ।

**छठको तेस्रो दिन (कार्तिक शुक्ल षष्ठी)**

छठको तेस्रो दिन अर्थात् छठ पर्व । यस दिनमा व्रतालुहरू पानी समेत नपिई निराहार बस्दछन् । साँझपख नजिकैको पोखरी, तलाउ, इनार, कुवा जस्ता जलाशयमा गई पानीमा डुबेर अस्ताउँदो सूर्यलाई पूजा गर्दछन् । छठको दिन सूर्यलाई चढाउनका लागि बनाइएका सामग्रीहरू घाटमा लगेर पालैपालो पानीमा डुबाई सूर्य देवतालाई चढाउँदछन् । प्रातःकालीन अर्घका लागि केही व्रतालुहरू रातभर पानीमा बसेर सूर्य नउँदाउञ्जेलसम्म पूजा गर्दछन् भने कोही प्रसाद चढाएर पानीबाट निस्कन्छन् । यस दिनमा रातभर भजनकिर्तन र नाचगान हुने गर्दछ । घाटलाई बेहुली झैं सिंगारिएको हुन्छ ।

**छठको चौथो दिन (कात्तिक शुक्ल सप्तमी)**

रातभर सूर्यको आराधनामा मग्न भएका भक्तहरूले भोलिपल्ट उदाउँदो सूर्यको पूजाआजा गर्दछन् । बिहानीमा सूर्यको न्यानो किरणसँगै ब्रतालुहरूले अञ्जुलीमा पानी भरि जल चढाउँछन् र पालैपालो ठकुवा, भुसु छठको मुख्य व्रत बस्ने दिन २४ घण्टासम्म निराहार बसेर उपासना गर्ने व्यक्तिले पहिलो दिनदेखि नै नियम निष्ठा पालन गर्नुपर्छ । छठमा पवित्रता र चोखोनितोलाई अति महत्व दिइन्छ ।





चतुर्थीकै दिन व्रतालुले संकल्पसहित उपलब्ध भएसम्म नदी, पोखरी, तलाउजस्ता जलाशयमा अन्यथा इनार वा अन्य पानीपधेँरोमा स्नान गरी शुद्ध हुनुपर्छ । व्रत बस्ने संकल्प लिएकाले त्यस दिन उसिना चामल, माछामासु, लसुन, प्याज र कोदो जस्ता खाद्य पदार्थ खान हुँदैन । कसैको जुठो खान हुँदैन । शुद्ध, चोखो र सात्विक र निरामिष भोजन खानु पर्छ ।

**छठका प्रसाद**

षष्ठीका दिन अस्तयाचल सूर्यलाई जलाशयको घाटमा गएर अर्घ्य दिनुपर्छ । त्यसका लागि धेरै प्रकारका नैवेद्य तयार पारिन्छ । छठको नैवेद्य तयार पार्ने कोठा लिपपोत गरी पवित्र बनाइएको हुन्छ । माटोको चुल्हो नयाँ बनाइन्छ । नैवेद्य र पकवान तयार पार्ने भान्से पनि शुद्ध र पवित्र बन्नुपर्छ । छठका लागि बनाइने पकवान र नैवेद्यमा मुख्य 'ठकुवा' र 'भुसवा'(कसार) हो ।

गहुँ वा चामलको पिठोबाट बनाइने ठकुवा र भुसुवा बनाउने पिठो ढिकी जाँतोमै कुटिए-पिसिएको हुनुपर्छ । छठको नैवेद्य वा अन्य पूजासामग्री तयार पार्दा विशेष चनाखो रहनुपर्छ । पूजासामग्री जुठो वा अपवित्र हुन गए कुष्ठरोग, चर्मरोग हुने वा अन्य अनिष्ट हुने जनविश्वास छ ।

**'केरवा जे फरल घवरसे वहि पर सुगा मडराय,**

मारबौ रे सुगवा धनुषसे सुगा गिरे मुरछाय''

'छठ'लाई चढाउने केरा बोटमै हुँदा पनि सुगा वा अन्य कुनै पशुपंक्षीले नखाऊन् भन्ने मान्यता छ । त्यसकारण गीतबाटै पशुपंक्षीलाई समेत सचेत गराउन खोजिएको छ । शुद्धता र चोखोनितो छठको मुख्य विशेषता हो । त्यसकारण छठ पर्वलाई कठोर पर्व पनि भनिन्छ । विधिविधानमा भुलचुक गर्ने गुञ्जाइसलाई छुट दिइँदैन ।

छठ श्रद्धा र भक्तिपूर्वक आराधना गरिने पर्व हो । यो पर्वको विधिविधान मूलतः प्रकृतिसँग पनि एकठ्ठा छ । छठमा मौसमअनुसार फुल्ने-फल्ने धेरै चिजबिज चढाइन्छ । पकाएर चढाइने नैवेद्यमा मुख्य ठकुवा, भुसवा, पेरुकिया र खजुरी हो । फलफूलमा मुख्य केरा हो ।

सक्नेले सिङ्गै घरी केरा, नसक्नेले एक काइँयोसम्म चढाउँछन् । नरिवल, उखु, बोटसहितको बेसार, भोगटे, मुला, स्याउ, सुन्तला, ज्यामिर र गाजरसहितका मौसमी फलफूल चढाइन्छ । लारा कचरा (केशरी र पवित्र रातो डोरा) धुपसहितको पूजासामग्री चाहिन्छ । जसलाई अर्घोति भनिन्छ । कुम्हालेले बनाएको माटोको हात्ती, कोसिया, कुरवार (माटोको प्याला र नयाँ घैँटो) ढकना पनि नयाँ चाहिन्छ । चढाउने पकवान र नैवेद्य हालेर घाटमा लैजाने बाँसबाट बनेको नयाँ कोनियाँ (तीनकुने आकारको नांग्लो), सुप्पा (नांग्लो) ढकिया (ढाकी) चाहिन्छ । परिवारका सबै सदस्य त्यसदिन सकेसम्म नयाँ बस्त्र र आभूषण पहिरिएर सुन्दर लालित्यमा रहन्छन् ।

**अस्ताउँदो सूर्यलाई अर्घ**

'हमरोपर होइऔ सहाय, हे छठिमैया, हमरोपर होइऔ सहाय'.

छठीमाता हामीमाथि विशेष कृपा बनाई राख्नुहोला । छठी माताको आराधनामा गाइने गीत र भजनहरु जतातत्तै गुञ्जिन थाल्छ । षष्ठीका दिन जब सूर्य अस्ततर्फ ढल्किन्छन्, छठको अर्घ्य दिन जलाशय पुग्नेको लाम लाग्छ । तयार पारिएको पूजासामग्री र नैवेद्यसहित व्रतालु, परिवारजन र दर्शनार्थी जलाशय पुग्छन् । एक साताअघिदेखि नै जलाशयको घाट सरसफाइ गरिन्छ । जलाशयको घाटलाई सजिसजाउ र झकिझकाउ बनाइएको हुन्छ ।

व्रतालुलाई पूजाका लागि सुविधायुक्त घाट बनाइएको हुन्छ । जलाशय नभएका स्थानमा खाडल खनेर पनि जलाशय तयार पारिन्छ । ढोल पिपही (बाजा) बजाएर मधुर संगीतसहित भजन आराधना गरिन्छ । नाचगानले घाट सुरम्य हुन्छ । पटाका पड्काएर युवायुवती उमंग दर्शाउँछन् । जलाशयको शोभा रंगिचङ्गी र झिलिमिली हुन्छ । नयाँ बस्त्र र सौंन्दर्य परिधानमा नरनारीको जमघटले छठको साँझ सरोवरमा सौंन्दर्य अच्छादित हुन्छ । जलाशय घाट पुगेर नैवेद्य तथा पूजासामग्री फिँजाइन्छ । व्रतालु जलाशयमा प्रवेश गर्छन् । व्रतालुले जलाशयमै उभिएर पूजासामग्री पालैपालो हातमा उठाएर अस्तयाचल सूर्यलाई अर्घ्य दिन्छन् । व्रतालुको हातमा पिठार, सिन्दुर, फूल र अक्षतालगायतका पूजासामग्री हुन्छ । घाटमा करिब ५-६ घण्टा पूजा आराधना हुन्छ ।

अस्तयाचल सूर्यलाई अर्घ्य दिने काम सकिएपछि व्रतालु नयाँ बस्त्र फेर्छन् । आर्थिकरुपमा सम्पन्न परिवार वा विशेष भाकल गरेका (केही व्रतालुले) घाटमा चढाउन लगेका नैवेद्य, पकवान र पूजासामग्री सन्ध्याकालीन अर्घ्यपछि जलाशयमै सेलाइदिन्छन् । भोलिपल्ट बिहान उदयाचल सूर्यलाई अर्घ्य दिन पुनः ताजा पकवान र नैवेद्य तयार पार्छन् । कसैले सन्ध्या र प्रातःकालको अर्घ्यपछि सम्पूर्ण सामग्री जलमा बिसर्जन गरिदिन्छन् । तर प्रायःजसोले सबै सामग्री लिएर घाटबाट फर्कन्छन् । केही स्थानमा रातभर घाटमै पूजाआराधना गर्ने चलन पनि छ । आर्थिकरुपमा विपन्नले भिक्षा मागेर पनि छठको पूजा गर्छन् ।

**छठको भाकल**

विशेष रुपमा भाकल गर्ने आर्थिक सम्पन्नता भएकाले पनि पनि भिक्षा मागेर छठ पूजा गर्ने चलन छ । कसै-कसैले आफैँले छठको व्रत नगरे पनि व्रतालुबाट नैवेद्य चढाउन लगाउँछन् । खासगरी चर्मरोग वा अन्य अर्वुदरोग लागेका र संकटग्रस्त मानिसले मनोकामना पूरा भए छठको पूजा गर्ने संकल्प लिएका हुन्छन् । त्यसैगरी, निःसन्तान दम्पतीले सन्तान प्राप्ति भए छठ पूजाको भाकल गरेका हुन्छन् । निःसन्तान महिलाले सन्तान होस् भन्दै सारीको आँचल घाटमा ओच्छ्याएर नाचगान र भजनकीर्तन गराउने चलन पनि छ । केही दशकअघिसम्म महिला मात्र व्रत बस्ने चलन थियो । अहिले पुरुष पनि व्रत बस्न थालेका छन् । व्रत बस्न नसक्ने वृद्धवृद्धा तथा अशक्तले अरु व्रतालुबाट व्रत गराउँछन् ।

चर्मरोग पीडित वा निःसन्तान मुस्लिम समुदायका मानिसले भाकल गरेपछि रोग निको भएको र सन्तान प्राप्ति भएको भन्दै छठ पर्व मनाउने गरेका छन् । जलाशय घाटमा अपवादका घटनाबाहेक छुवाछुत गरिएको सुनिँदैन । सबै जातजाति घाटमा कुम जोडिने गरी पूजा गर्छन् । उचनिच र गरिब-धनी छुट्याइँदैन ।

**छठको परम्परा**

महाभारत कथामा द्रौपदीसहित पाँचपाण्डव अज्ञातबासमा रहँदा गुप्तबास सफल होस् भनेर सूर्य पूजा गरेको आधारमा छठ शुरुवात भएको जनश्रुति छ । पाँच पाण्डवले विराट राजाको दरबारमा गुप्तबास बसेकाले सोही समयदेखि छठ मनाउने परम्परा सुरुवात भएको भनाइ छ । त्यस्तै, साम्ब पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको श्रापद्वारा कुष्ठरोगबाट पीडित साम्ब सूर्यको आराधनाको फलस्वरुप रोगमुक्त भएको उल्लेख छ । निःसन्तान महिलालाई सन्तान प्राप्ति भएपछि तथा परिवारमा सुख समृद्धिका लागि यो पर्व विशेष रुपमा मनाइन्छ ।

त्यसैगरी, सूर्य पुराणअनुसार सर्वप्रथम अत्री मुनिकी पत्नी सती अनुसुयाले छठ व्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि छठ मनाउने परम्परा शुरुवात भएको मान्यता पनि छ ।

(यो तयार गर्न अन्य सञ्चारमाध्यमको पनि सहयोग लिइएको छ)

# संघीय सरकारसँग यस्तो छ मधेश सरकारको माग

सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, स्थायित्व, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने मुख्य ध्येयका साथ संविधान सभाबाट पारित भएको संविधान निर्माण भएको आठ वर्ष बिति सक्दा पनि प्रदेश सरकारले संविधानको एकल सूचीमा परेको विषयमा आफ्नो अधिकार प्रयोग गर्न नपाएको कारणले प्रदेशको शान्ति सुरक्षा, सुशासन र प्रशासनमा प्रदेशको एकल अधिकार सूचि लगायतका विषयहरु कार्यान्वयनमा समस्या उत्पन्न भएको व्यहोरा सम्माननीय प्रधानमन्त्रीज्यूलाई विदित नै छ।

संविधानको प्रस्तावनाद्वारा नै स्वीकार्य गरी सकेको "केन्द्रीकृत र अधिकार एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको" अभ्यास र सञ्चालनमा सम्माननीय प्रधानमन्त्रीज्यूले प्रदेशलाई अधिकार सम्पन्न बनाउन र संघीयतालाई प्रभावकारीरुपमा लागू गर्नको लागि सार्वजनिक प्रतिबद्धता समेत व्यक्त भै रहेको विशेष अवस्था समेतलाई ह्दयङ्गम गर्दै संविधानले परिकल्पना गरे अनुसारको शासन व्यवस्था संचालन हुनका लागि नेपाल सरकारको नेतृत्वदायी भूमिकामा रहनुभएका सम्माननीय प्रधानमन्त्रीज्यूबाट अविलम्व परिणाममुखी दिशा निर्देशका लागि निम्न विषयहरुमा ध्यानाकर्षणका लागि अनुरोध गर्दछौ।

**१.प्रदेश प्रहरीको सम्बन्धमा:** प्रहरी समायोजन ऐन संघीय संसदबाट पारित भएर २०७६ साल माघ २८ गतेमा प्रमाणीकरण भैसक्दा पनि संविधानको अनुसुचि ६ बमोजिम नेपाल सरकारले प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने प्रहरी प्रशासन, कर्मचारी तथा संरचनाहरुको हस्तान्तरण हुनसकेको छैन। जसले गर्दा संविधानले प्रदान गरेको शान्ति सुरक्षाजस्ता प्रदेशको एकल अधिकारको विषय भावकारी कार्यान्वयन हुन सकेको छैन। अत: संघीय संसदले नै पारित गरि सकेको ऐनको भावनाअनुसार अविलम्व प्रदेश प्रहरी एवम् प्रमुख जिल्ला अधिकारीलाई प्रदेश सरकार मातहत ल्याउन समायोजनका लागि आवश्यक निर्देशन र सहजीकरणको लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छौ।

**२.संघीय निजामती सेवा ऐनको सम्बन्धमा:** संघीय निजामती सेवा ऐन बन्न नसक्दा प्रदेशले जनतालाई प्रभावकारी सेवा दिनका लागि कर्मचारीहरुलाई सरकारी कामकाजमा खटाउन नसकि विभिन्न समस्याको सामना गर्दै आएको विदितै छ। अत: प्रदेशमा खटिने सचिवलाई प्रदेश सरकारको मातहतमा रहने गरी र स्थानीय तहहरुमा खटिने प्रशासकीय अधिकृतहरुलाई प्रदेश सरकार मातहतमा रहने गरी कर्मचारी खटाउन पाउने अधिकारसहित सो संघीय निजामति सेवा ऐन तत्काल संघीय संसदबाट पारित गर्न वा तत्काल पारीत हुन नसक्ने अवस्था भए नागरिकको प्रभावकारी सेवा पाउने अधिकारलाई ध्यानमा राख्दै तत्कालको आवश्यक्तालाई सम्वोधन गर्न अध्यादेश मार्फत भए पनि तद्नुरुप सम्वोधनको लागि ध्यानाकर्षण गराउदछौं।

**३.सार्वजनिक जग्गाको प्रयोगको सम्बन्धमा:** प्रदेश सरकारबाट आफ्नो सेवा संचालनका लागि सरकारी तथा सार्वजनिक जग्गाको उपभोग, प्रयोग गर्नु पर्ने भएको र वर्तमानमा भैरहेको कानूनी व्यवस्था तथा नीतिगत निर्णयहरुबाट अहिलेको विद्यमान अवस्था अन्तर्गत सार्वजनिक पर्ती, ऐलानी, वन क्षेत्रभित्र रहेको जग्गा भुमि आयोगले दर्ता गर्ने कार्य र प्रदेशभित्र रहेको सागरनाथ वन परियोजना समेत प्रदेश वन मन्त्रालयअन्तर्गत राखि अन्य सरकारी जग्गाहरुको प्रयोग, उपभोग, समुचित व्यवस्थापन र भूमि व्यवस्थापनको अभिलेख राख्न नापी कार्यालय र भूमि प्रशासन कार्यालय प्रदेश अन्तर्गत नरहेको साथै प्रदेश सरकारले जग्गा लीजमा दिन प्रदेश मन्त्रिपरिषदलाई अधिकार नरहदा हालको समयमा पनि भुमि व्यवस्थापनमा एकात्मक शासन व्यवस्थाले नै निरन्तरता पाइरहेको हुँदा यी अधिकारहरु संघीय शासन व्यवस्थाको अभ्यासका लागि अविलम्व प्रदेश मन्त्रीपरिषदमा अधिकार हस्तान्तरण हुनको लागि आवश्यक कानूनमा संशोधन, नीतिगत निर्णयहरुमा परिवर्तन हुनका लागि सम्माननीयज्यूको ध्यानाकर्षण गराउदछौं।

**४.गुठी जग्गाको सम्बन्धमा:** संविधानको अनुसूची ६ को क्रम संख्या २१ अनुसार गुठी व्यवस्थापनको जिम्मा प्रदेशको एकल अधिकार रहेको विदितै छ। मधेश प्रदेशको विविधता मध्येको एक धार्मिक मठमन्दिर, पोखरी, गुठी पनि एक हो। मधेशमा थुप्रै जग्गा तथा सम्पतिहरु गुठी मातहत रहेको छ र ती जग्गा तथा सम्पत्तिहरुको उचित व्यवस्थापन हुन नसकेको, अतिक्रमण हुने गरेको खबरहरु संचार माध्यमबाट प्राय जसो नियमित रुपमै आउने गरेको बारेमा पनि सम्माननीय ज्यूलाइ अवगत नै छ। संविधानको अनुसूची ६ को क्रम संख्या २१ मार्फत प्रदेशको एकल अधिकारको रुपमा गुठी व्यस्थापन संघीय सरकारको यथोचित प्रयास नभएको कारण प्रदेशले गुठी जग्गा सम्बन्धी व्यवस्थापनमा आफ्नो अधिकार प्रयोग गर्न नपाउने अवस्थाको श्रृजना भई संवैधानिक दायित्वको पालना र निर्वाह गर्न सकिरहेका छैनौ। अत: प्रदेशको एकल अधिकारको रुपमा रहेको गुठी व्यवस्थापनको सम्बन्धमा अविलम्ब आवश्यक कानूनहरुमा संशोधनका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउदछौं।

**५.अर्थ सम्बन्धी:** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को उपदफा ९२० बमोजिम प्राप्त हुने मुल्य अभिवृद्धि कर र अन्त: शुल्क करबाट उठेका राजश्वमा नेपाल सरकारले सत्तरी प्रतिशत र प्रदेश सरकार तथा स्थानीय तहलाई १५-१५ प्रतिशत बाँडफाँट गरिने गैर न्यायिक वितरण प्रणालीलाई पुनरावलोकन गरी संघीय सरकारले ५० प्रतिशत, प्रदेश सरकारलाई ३० प्रतिशत, स्थानीय सरकारलाई २० प्रतिशत गर्ने गरी कानुनमा संशोधन गरी व्यवस्थापन हुन अनुरोध गर्दछौ।

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले संघ, प्रदेश र स्थानीय तहलाई राजश्व बाँडफाँट र अनुदान वितरण गर्ने प्रणालीमा जनसंख्या र मानव विकास सूचाङकलाई प्रमुख आधार तथा मापदण्ड बनाई राजश्व बाँडफाँट तथा अनुदान वितरण गर्नका लागि आवश्यक व्यवस्था मिलाउन गंभीर ध्यानाकर्षणको लागि अनुरोध गर्दछौ।

**६.अभियोजनसम्बन्धमा:** प्रदेशको एकल सूचीमा रहेको विषयमा बनेका कानूनहरुले गर्ने दण्ड र कैदसम्बन्धी व्यवस्था गरेको भए पनि संघीय स्तरबाट अभियोजनको लागि प्रदेशलाई अभियोजनको अधिकार दिने गरी आवश्यक कानूनमा संशोधन गर्न सहजीकरण नभएकाले प्रदेशबाट निर्मित कानूनहरुको कार्यान्वयनमा पनि जटिलता उत्पन्न भएकोले प्रदेशलाई अभियोजन सम्बन्धी अधिकारको प्रयोगका लागि उचित व्यवस्थापन हुनका लागि पनि ध्यानाकार्षण गराउन चाहन्छौ।

अन्त्यमा, सम्माननीय प्रधानमन्त्रीज्यूबाट यी विषयहरुका तत्काल सम्वोधन हुने गरि प्रकृया अगाडी बढाइ दिइ सम्माननीयज्यूबाट पनि प्रदेशलाई अधिकार सम्पन्न बनाउन र संघीयतालाई प्रभावकारीरुपमा लागू गर्नको लागि सार्वजनिक रुपमा व्यक्त हुदै आएको प्रतिबद्धताको कार्यान्वयन हुनका लागि अनुरोध गर्दछौ। यी बुंदाहरु कार्यान्वयन नभए ३० दिन पछि हामी संघर्षको कार्यक्रम तय गर्न बाध्य हुनेछौ।

*(मधेशका मुख्यमन्त्री सरोज यादवले प्रधानमन्त्री प्रचण्डलाई बुझाउनु भएको ज्ञापनपत्रको मुख्य अंश)*

# छिमेकीको धर्म निर्वाह गरे भारत र चीन

भारत सरकारले नेपाल सरकारलाई हालसम्म ३२ टन राहत सामग्री उपलब्ध गराएको छ। जाजरकोट, रुकुम पश्चिम लगायतका क्षेत्रमा आएको भुकम्पबाट पिडित बनेका नेपालीका लागि भारतले हालसम्म तीन पटक गरी विभिन्न सामग्री उपलब्ध गराएको छ।

जाजरकोटमा कात्तिक १७ गते भुकम्प गएको थियो। भारतले सबभन्दा पहिले कात्तिक १९ गते ११ टन राहत सामग्री उपलब्ध गराएको थियो। त्यसपछि दोस्रो चरणमा कात्तिक २० गते नौ टन र कात्तिक २३ गते १२ टन राहत उपलब्ध गराएको नेपालस्थित भारतीय दूतावासले जनाएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको प्रतिबद्धतालाई कार्यान्वयन गर्दै भारतीय वायुसेनाको सी-१३० नामक विशेष विमानले राहत सामग्री लिएर नेपाल आएको थियो। राहत सामग्रीमा त्रिपाल, टारपोलिन सिट, कम्बल, स्लीपिङ्ग ब्याग, अत्यावश्यक औषधी र चिकित्सा उपकरण जस्तैं शल्यचिकित्सा सम्बन्धी उपकरण, पोर्टेबल भेन्टिलेटर तथा सरसफाईका सामग्री रहेका छन्। पहिलो रेस्पोन्डरको रुपमा भारतले नेपालका भूकम्प प्रभावित परिवारका लागि भारतीय वायुसेनाको विशेष विमानका तीनवटा फ्लाइटमार्फत ३२ टन आपतकालीन राहत सामग्री उपलब्ध गराएको दुतावासले विज्ञप्तिमार्फत जानकारी गराएको छ।

नेपाल भारतको घनिष्ट मित्र एवम् छिमेकी भएकोले नेपाललाई सहयोग गर्न भारत प्रतिबद्ध रहेको कुरा भारतले भूकम्प लगत्तै नेपाललाई सहयोग गर्न देखाएको तत्परताले पुष्टि गरेको दूतावासले जनाएको छ। चीन सरकारले चिनियाँ विशेष जहाजमार्फत ल्याइएको राहत सामग्री चिनियाँ राजदूत छन् सोङले गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको छ।

# प्रशिक्षणमै राउतको बोल्ती बन्द

जनता समाजवादी पार्टीले सिरहाका लहानमा तीन दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। मधेश प्रदेश समितिले आयोजना गरेको प्रशिक्षण कार्यक्रममा सो प्रदेशका आठ वटै जिल्लाका नेता तथा कार्यकर्ताको सहभागी थिए। कात्तिक २०, २१ र २२ गतेसम्म चलेको प्रशिक्षणमा पार्टीका अध्यक्ष उपेन्द्र यादव र पार्टीका कार्यकारिणी सदस्य एवं मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले मुख्य प्रशिक्षण दिनुभएको थियो। प्रशिक्षकका रुपमा पार्टीका वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ पनि जानु पर्ने तय भएको थियो तर उहाँ अन्तिम समयमा कार्यक्रम क्यान्सिल गरेपछि त्यो ठाउँ लालबाबु राउतले पाउनु भएको थियो।

प्रशिक्षणमा सहभागी एक नेताका अनुसार नेता राउतले पार्टीको सैद्धान्तिक तथा वैचारिक कुरा राख्नुभन्दा बढी आफू मुख्यमन्त्री भएको बेला यो गरे, त्यो गरे, यस्तो बनाए, उस्तो बनाए भन्नुभएको थियो। अहिले मेधशमा केही देखि रहनु भएको छ, ती सबै आफ्नै पालामा भएको दावी गर्दै यतिका काम कुनै प्रदेशमा नभएको दावी उहाँले गरेपछि प्रशिक्षण कार्यक्रममा रहनु भएका पार्टीका कार्यकारिणी सदस्य एवं प्रवक्ता मनिष समुनले राउतजी यदि तपाईले मधेश प्रदेशमा राम्रो काम गर्नुभएको छ भनि पार्टीको सीट किन घट्यो भनि प्रश्न गर्नुभएको थियो।

तत्कालिन मधेश सरकारले राम्रो काम नगरेको कारण चुनावमा पार्टीका हालत यस्तो भएको पार्टीको निष्कर्ष निस्केको हो, पार्टीका अन्य कार्यकर्ता तथा आम जनताले पनि त्यही कुरा भनिरहेको धारणा राख्नुभएको थियो। मनिष सुमन बोल्न थालेपछि नेता राउत हातमा माइक लिएर अलमलमा पर्नुभएको थियो। प्रवक्ता सुमनले जोड लिएर भन्नुभएको थियो, 'तत्कालिन मधेश सरकारको काम गर्ने स्टाइलका कारण पार्टी कमजोर भएको हो यो कुरा कम से कम तपाई स्विकार गर्नुस्।'

यो कुरा सकिन नपाउँदै जसपा संघीय परिषद्का सदस्य विजय यादव (लहान)ले पनि उठेर राउतको विरुद्धमा बोल्न थाल्नुभयो। उहाँले भन्नुभएको थियो, 'नेताजी बर्दिवासमा भएको टिकट खोसाखोसका कारण चुनावमा पार्टीको हालत यस्तो भएको हो।' प्रत्येक क्षेत्रमा नेताहरुले आआफ्नो उम्मेदावरका लागि टिकट लगेका थिए, जसलाई मन लाग्यो त्यसलाई वितरण गर्‍यो त्यसले गर्दा चुनावमा पार्टी कमजोर भयो।'

टिकटमा बदमासी भएपछि एक नेताले अर्को नेतालाई हराउने काम भएको कुरा पार्टीमा पनि रिर्पोटिङ भइसकेको छ तर तर अहिलेसम्म त्यसलाई कुनै कारवाही नभएको बताउँदै नेता विजय यादवले गल्ती गर्नेलाई कारवाही भएन भने मनोबल बढ्दै जान्छ र त्यो गल्ती पटक पटक दोहोरिन्छन्, त्यसैले पार्टीमा अनुशासन कडाईका साथ पालन गर्न लगाउन आग्रह गर्नुभयो।








# छठको दुई गीत सार्वजनिक

एउटा समय थियो, धार्मिक, सांस्कृतिक गतिविधिहरूमा भारतीय कलाकारहरूको गीतले ठाउँ लिएको थियो । भारतीय गायक गायिकाले गाएको गीत तराई/मधेशका जिल्लाहरुमा गुञ्जिरहेको हुन्थ्यो । तर अहिले त्यो अवस्था छैन । तराई मधेशमा पनि छठलगायत विभिन्न चाडपर्वका गीतहरु बन्न थालेका छन्, त्यहीका स्थानीय कलाकारहरुले सृजना गर्न थालेका छन् ।

अहिले स्थानीयस्तरमै आफ्नै भाषामा गीत रेकर्डिङ्ग गराउन कलाकारहरूबिच प्रतिस्पर्धा नै चलेको छ । केही कलाकार हरुले छठकै बीचमा स्थानीय कलाकारहरूले आफ्नै भेषभुषा, संस्कृति र भाषालाई उजागर गर्दै छठसम्बन्धी गीतहरु सार्वजनिक गरेका छन् ।

यसैबीचमा रविराज साहले गाउनुभएको दुईटा गीत हालै सार्वजनिक भएका छन् । 'कौना घाटे औना जौना.....' र 'हे छठी मैया....' गरी दुईटा गीत रविराज अफिसियल युट्युव च्यानलबाट सार्वजनिक भएका छन् ।

'कौना घाटे औना जौना.....' नामक गीत उमालाल यादवले लेख्नु भएको छ । त्यसमा स्वर रविराज साहले दिनुभएको छ । यो गीतमा छठको महिमा र परम्परालाई देखाइएको छ । तराईका विभिन्न ठाउँमा छठ कसरी मनाइन्छ त्यसको बारेमा जानकारी दिएका छन् । वीरगञ्ज, जनकपुरलगायतकका छठीघाटको महिमाको बारेमा त्यहाँ दृश्यांकन गरिएको छ । यो गीतमा रविराज साह, आश्विनी साही, अनिता यादव, सदाम हुसैनलगायतका कलकारले अभिनय गरेका छन् ।

त्यस्तै 'हे छठी मैया....गीतका लेखक पूर्व सांसद नरेन्द्र साह हुनुहुन्छ । यो गीतले विवाहित नवजोडीले छठ कसरी मनाइन्छ । उनीहरुमा कस्तो उत्साह हुन्छ जस्ता कुराको सन्देश दिएको छ । यो गीत पनि रविराजले नै गाउनु भएको छ । यो गीतमा रविराज साह, आश्विनी साही, अनिता यादव, सदाम हुसैन, सरोज साह, मुख्तार अन्सारीलगायतले अभिनय गरेका छन् । सबरंग मल्टिमिडियाको प्रस्तुती रहेको यी दुवै गीतको निर्देशन सदाम हुसैनले गर्नुभएको छ भने स्पोन्सर नेपाल टेलिकम रहेको छ ।




# राजनीतिमा आउँदै कङ्गना

बलिउड अभिनेत्री कंगना रनौतको दिन अचेल राम्रो चलिरहेको छैन । एकपछि अर्को गर्दै उनको फिल्म बक्स अफिसमा फ्लप भइरहेका छन् । बहुप्रतिक्षित फिल्म 'तेजस' सुपरफ्लप बनेपछि उनलाई फिल्म खेल्न छाडेर रिल्स बनाउन भन्दै ट्रोल भएकी थिइन् । सो फिल्मले एक हप्तामा ५ करोड ५० लाख रुपैयाँभन्दा धेरै कमाउन सकेन ।

यसैबीच उनले राजनीतिमा आउने संकेत गरेकी छिन् । हालै गुजरात भ्रमणका क्रममा उनी सोमनाथ ज्योर्तिलिंग र द्वारिकाधिश मन्दिरमा समेत पुगेकी थिइन् । मन्दिरमा पत्रकारहरुले अभिनेत्रीलाई आगामी लोक सभाको निर्वाचनमा उम्मेदवारी दिन उनी इच्छुक हो कि भनेर प्रश्न सोधेका थिए । सो प्रश्नको उत्तरमा उनले 'श्री कृष्णको कृपा भयो भने चुनावमा लड्छु' भन्ने जवाफ दिएपछि उनी राजनीतिमा आउन सक्ने अड्कल बलियो बनेको विश्लेषण गर्न लागिएको छ ।

पत्रकारहरुसँग बोल्ने क्रममा रनौतले बीजेपी नेतृत्वको संघीय सरकारको प्रशंसा पनि गरेकी थिइन् । रनौतको आगामी फिल्म एमर्जेन्सी हो । यो फिल्ममा रनौतले भारतकी पहिलो महिला प्रधानमन्त्री इन्दिरा गान्धीको भूमिका निर्वाह गर्दैछिन् ।

यो फिल्मको निर्देशन र निर्माण दुबै रनौतले गरेकी हुन् । यो फिल्म बनाउन उनले आफ्नो सबै सम्पत्ति धितोमा राखेकी छिन् ।

# फोटो इडिटले केटरिना बदनाम



यति बेला बलिउड दक्षिण भारतीय अभिनेत्री रश्मिका मन्दनाको डीपफेक भिडियोका कारण तरंगित छ । रश्मिकाको कान्ड सेलाउन नपाउँदै कट्रिनाको छेडखानी भएको फोटो अहिले भाइरल बनिरहेको छ । टाइगर ३ को एक दृश्यमा कट्रिनाले तौलियामा बेरिएर एउटा फाइट सिन दिएकी थिइन् । सो दृश्यको छायांकन निकै गाह्रो भएको हालै मात्रै कट्रिनाले बताएकी थिइन् ।

अहिले चर्चामा रहेको सोही सिनको एउटा फोटोमा कसैले छेडखानी गरेर इन्टर नेटमा अपलोड गरिदिएको छ । छेडखानी गरिएको फोटोमा तौलिया बेरिएको हिस्सा हटाएर भित्री वस्त्र देखाइएको छ । यो पनि डिपफेकै काम हो कि होइन भनेर चाँहि खुलासा भएको छैन । जारा पटेल नाम गरेकी युवतिको भिडियोमा रश्मिका अनुहार राखेर बनाइएको एउटा भिडियो भाइरल बनेपछि यो प्रविधिप्रतिको चिन्ता र चासो बढेको छ ।

आफ्नो नक्कली भिडियो बनाउनेलाई कारबाही गर्न रश्मिकाले माग गरेकी छिन् । अभिताभ बच्चन लगायत बलिउड कलाकार हरूले पनि यस मामिलामा कडाइका साथ प्रस्तुत हुन अधिकारीसँग माग राखेका छन् ।

"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

दूध एक फाइदाअनेक

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ । चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ । ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ । प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ । दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन । यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ । शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन् । यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुऱ्याउछ ।

राष्ट्रिय दुग्ध विकास बोर्ड
ललितपुर, नेपाल
फोन. ०१–५५२५४००



# गणेश नेपालीको सम्झानाः चौरिया बस्ती र जय नेपाल

■ गोपालप्रसाद बराल

जय नेपाल ! महोत्तरीको जलेश्वर नगरपालिका-५ चौरिया बस्तीमा प्रवेश गर्ने कुनै अभ्यागत (अतिथि) हउन् कि आफ्नै छरछिमेकका मान्यजन, सबैका लागि अभिवादन शिष्टाचार निर्वाहमा 'जय नेपाल' जिब्रोमै झुण्डिएको छ । बोलिने भाषा नेपाली, मैथिली वा हिन्दी जुनसुकै हुनसक्छ, तर चौरिया बस्तीको एकअर्कामा गरिने अभिवादन भने 'जय नेपाल' बाटै हुन्छ ।

सामान्यतया राष्ट्रसेवक सुरक्षाकर्मी वा पुरानो राजनीतिक दल नेपाली कांग्रेसमा आस्था राख्नेहरुले अभिवादनका लागि 'जय नेपाल' को प्रयोग गर्छन् । तर चौरियामा भने 'जय नेपाल' अभिवादन सबैको बनेको देखिन्छ । यहाँका अधिकांश नागरिकले शिष्टाचारका लागि सगौरव 'जय नेपाल' शब्दको प्रयोग गर्छन् । चौरिया बस्ती र जय नेपालको अभिवादन एकअर्कोका परिचायक छन् ।

कसैलाई लाग्ला चौरिया बस्ती कांग्रेसको ' आधार इलाका' भएर पो हो कि ! हो, धेरैअघि पञ्चायतकालमा यो ठाउँ 'काँग्रेस गाउँ' भनेरै चिनिन्थ्यो । तर कालान्तरमा अन्य पार्टीको प्रभाव क्षेत्र विस्तार हुँदा पनि यहाँ सम्बोधनको भाषा बदलिएको छैन । "जय नेपाल ! केम्भर स ऐलीय, बैठु, पाइन पिबलीय" (जय नेपाल ! कताबाट आउनुभयो, बस्नोस् न, पानी खानोस्) बस्ती पुगेका यी पङतिकारप्रति आतिथ्यता दर्साउँदै सो बस्तीकी ७५ वर्षीया रामपरीदेवी कापर भन्नुहुन्छ, "हमर गाममें सुन्दर वाटिका बनल अई, देइखक जायब" (हाम्रो बस्तीमा सुन्दर वाटिका बनेको छ, हेरेर जानुहोला) । रामपरी मात्र नभएर यो बस्तीका जो सुकैले आफू कहाँ आउने अभ्यागत (पाहुना) को स्वागतमा गरिने शिष्टाचार प्रायः यस्तै हुन्छ । पहिलेपहिले कांग्रेस पार्टीको आधार क्षेत्र हुँदा चलेको 'जय नेपाल' को अभिवादन अब आफ्नो बस्तीको परिचय नै बनेको चौरियाबासी बताउँछन् ।

प्रजातन्त्र पुनर्स्थापनायता चौरियामा विभिन्न दलका गतिविधि बढेका छन् । जलेश्वर नगरपालिकामा गाभिनुअघि पर्सापतैली गाविस हुँदा स्थानीय चुनावमा ४७ स्थानमध्ये ४५ त एमालेले जित्यो । तर आफ्नो ठाउँको शिष्टाचार अभिवादनभने सबैले 'जय नेपाल' मै गर्ने गरेका बयोवृद्ध ८० वर्षीय हरिहर साह बताउनुहुन्छ ।

पञ्चायतकालमा चौरिया पर्सापतैली गाउँ पञ्चायतमा पर्थ्यो । तत्कालीन समयमा जिल्लाभरि नै पञ्चायत विरोधी आन्दोलनको संयोजन गर्ने ठाउँका रुपमा परिचित थियो यो बस्ती । पञ्चायत विरोधी आन्दोलनको संयोजन गर्नुहुन्थ्यो स्थानीय गणेश नेपाली । नेपाली कांग्रेसमा आवद्ध नेपालीलाई यहाँका हरेक नागरिकले आफ्नो साझा नेताको रुपमा सम्मान गर्नुहुन्थ्यो । "नेपालीजीले नै हामीलाई पञ्चायतविरुद्ध लाग्न प्रेरित गर्नुभयो । उहाँले नै 'जय नेपाल' भन्न सिकाउनुभयो । कालान्तरमा यो शिष्टाचारको माध्यम बन्यो र त्यो संस्कृति चौरियामा हालसम्म पनि कायम छ" साहले पुरानो सन्दर्भ जोड्दै भन्नुभयो ।

रोचक त के छ भने 'जय नेपाल' लाई शिष्टाचारको माध्यम बनाउन सिकाउने तिनै नेपाली अन्तिमसम्म नेपाली कांग्रेसमा रहनु भएन । केही असहमतिका कारण पार्टी फेरिरहनुभयो । तर पनि यहाँको त्यो शिष्टाचार शैली फेरिएन । एमाले हुँदै मधेश केन्द्रित दल तत्कालीन तराई मधेश लोकतान्त्रिक पार्टी (२०६४ साल) मा आबद्ध भए पनि न स्वयम् उहाँले 'जय नेपाल' भन्न छोड् नुभयो न त चौरियावासीले नै छोडे । जीवनको अन्तिम क्षणमा भेट्न पुग्नेलाई पनि नेपाली मुस्कानका साथ 'जय नेपाल' को अभिवादन गर्नुहुन्थ्यो ।

**बिपी सम्झाउने पिपलका रुख**

विसं २०३९ साउन ६ गते नेपाली साहित्यका सुवास, प्रजातान्त्रिक आन्दोलनका



प्रणेता विश्वेरप्रसाद कोइराला (बिपी कोइराला) को निधन भयो । कोइरालाको प्रथम वार्षिकीका दिन अर्थात २०४० साउन ६ गते नेता नेपालीको नेतृत्वमा सोही वस्तीको डबरी र पूर्नी पोखरी डिलको चउरमा वृक्षरोपण गरियो । त्यसको साक्षी हुनुहुन्थ्यो साह (हरिहर) सहितका चौरियाबासी नेपालीका समवयी ।

'साउन छ (६) गते हिजोजस्तै लाग्छ । स्व.नेपालीजीको नेतृत्वमा हामीले बिपी कोइरालाको प्रथम स्मृतिमा वृक्षरोपण गर्दै थियौं । एक्कासी प्रहरी आएर सिठी बजाउँदै लाठी बजार्न लागे । नजिकै दशगजा नाघेर जोगियौ" साहले ४० वर्षअघिको त्यो क्षण सम्झिनुभयो । नेपाल भारत सीमा (दशगजा) मुस्किलले २०० मिटरमात्रको दूरीमा छ ।

नेपाल भारत सीमासँगै जोडिएको चौरिया बस्तीको चउरमा रोपिएको त्यो पिपलको रुख ४० वर्ष पुरानो भए पनि प्रिय नेता कोइरालाको याद ताजा बनाउने माध्यम बनेको साहको भनाइ छ । "अहिले हामीले चाहेजस्तै बहुदलीय प्रजातान्त्रिक व्यवस्था छ । यो व्यवस्थाबाट के पाइयो, के पाइएन म लेखा लाउन सक्दिन तर हामीले पञ्चायत ढाल्ने मनसुवाले रोपेका पिपल बस्तीका लागि शीतल छहारी बनेका छन् । यसले आनन्द दिन्छ" साहले भन्नुभयो ।

पञ्चायतकालमा नागरिक स्वतन्त्रताको कुरा मात्रै होइन, बिरुवा रोप्दा पनि व्यवस्था विरोधी मानिन्थ्यो । त्यसैकारण अन्य जातका विरुवा रोपिए पञ्चहरुले दख्खल गर्लान् भनेर डबरी र पूर्नी पोखरी डिलमा छ वटा पिपल रोपिएको सो बस्तीकै ६५ वर्षीया सरस्वती कापर सम्झनुहुन्छ । उहाँ (जननेता बिपी कोइराला) को स्मृतिमा पञ्चायतकालमा रोपिएका वृक्ष (रुख) ले सधैँ प्रजातान्त्रिक आदर्शप्रति अविचल रुपमा उभिइरहन प्रेरित गरिरहेका कापर बताउनुहुन्छ ।

**गणेशको पनि सम्मान**

नेपालको प्रजातान्त्रिक आन्दोलनमा बिपी कोइराला जति आदर्शको पात्र हुनुहुन्छ, चौरियावासीबीच बिपीका अनुयायी एवं प्रजातान्त्रिक आन्दोलनका योद्धा गणेश नेपाली त्यति नै सम्मानित हुनुहुन्छ । अहिले तिनै सम्मानित व्यक्तित्व नेपालीको सम्मानमा रमणीय वाटिका (उद्यान, पार्क) बनेको छ । 'स्वर्गीय गणेश नेपाली स्मृति उद्यान (पार्क)' नाम दिइएको यो वाटिका  नेपालीको निधन (१३ भदौ २०७६) भएपछि परिकल्पना गरिएको थियो । यसको निर्माण भने आर्थिक वर्ष २०७७/०७८ मा थालिएर अब अन्तिम चरणमा पुगेको छ । वाटिका निर्माणको काम करिब सम्पन्न भए पनि स्व. नेपालीको प्रतिमा अनावरणको काम भने बाँकी छ ।

चौरियाबस्तीकै ७० वर्षीय ठकन चौधरी स्वर्गीय नेपालीको नेतृत्वमा जननेता बिपी कोइरालाको स्मृतिमा रोपिएका पिपलको छहारी मात्र होइन, चौरियाबस्ती पुछारको डबरी र पूर्नी पोखरी माझमा स्व. नेपालीको नाममा निर्माण गरिएको उद्यानले दुबै जनाको स्मृतिलाई एकैपटक ताजा बनाइरहेको बताउनुहुन्छ । "हामीलाई स्व. नेपालीले आन्दोलनमा जोड्नुभयो । बिपीको स्मरणमा पिपल रोप्न लगाउनुभयो, अहिले हामीले पनि उहाँको स्मृतिमा उद्यान बनायौं । त्यसको निर्माण कार्य अन्तिम चरणमा छ" चौधरी भन्नुहुन्छ, "स्व. नेपालीको शालिकसहितको यो उद्यानले उहाँ र जननेता बिपी कोइरालालाई सम्झाउँदै प्रजातान्त्रिक आदर्शप्रति समर्पित रहन प्रेरित गरिरहेको छ ।"

यसैगरी यहींकै स्थानीय रत्नेश चौधरी पनि स्मृति वाटिकालाई चौरियाबासीले प्रजातान्त्रिक आन्दोलनसँग जोडेर मूल्याङ्कन गर्ने गरेका बताउनुहुन्छ । "यो उद्यान जननेता स्व.बिपी कोइराला, प्रजातान्त्रिक आन्दोलनका योद्धा स्व.नेपालीसँगै हाम्रो बस्तीको पनि सम्मान हो", उद्यान परिसरभित्रको महावीर मन्दिरका पुजार ीसमेत रहनुभएका ६० वर्षीय चौधरीले भन्नुभयो ।

स्व. नेपाली २०४६ सालको ऐतिहासिक जनआन्दोलनताका नेपाली काँग्रेस महोत्तरीको सभापति र जिल्लामा संयुक्त जनआन्दोलनको मुख्य संयोजक हुनुहुन्थ्यो । उद्यान नजिक पुग्दा स्वर्गीय नेपालीसँग बिताएका क्षणहरुलाई सम्झेर रोमाञ्चित र भावुक बनाउने गरेको नेपालीकै प्रेरणाले प्रजातान्त्रिक आन्दोलनमा होमिनुभएका ७० वर्षीय रहिमन मण्डल बताउनुहुन्छ ।

"स्व.नेपालीकै अगुवाइमा समय अनुकूल हुँदा बस्तीबस्ती पसेर पञ्चायतविरुद्ध जनमत बनाउन लाग्थ्यौं । त्यसको बदलामा हाम्रो बस्ती सधैँ पञ्च र प्रहरी प्रशासनको तारो बन्थ्यौं" मण्डल सम्झनुहुन्छ, "नजिक भारत सीमा नभएको भए के के भइसक्थ्यो तर यो सीमा नाका हाम्रो आन्दोलनमा निकै सहयोगी बन्यो ।" दशगजा नजिक नभए पञ्चायतविरुद्धको आन्दोलनमा सिन्धुपाल्चोकको पिस्करमा झैं आफूहरु पनि पिसिनसक्ने मण्डल अनुमान गर्नुहुन्छ ।

"पिस्करमा भागेर उम्कने ठाउँ नहुँदा पञ्चायती शासकले ठूलो नरसंहार गरेका सुन्थ्यौं, तर हामी चाहीँ थोरै पनि प्रतिकूल समयको आँकलन गरिदा फुत्त पारी (भारत) पुग्थ्यौं" पुरानो सन्दर्भ सम्झदै मण्डलले भन्नुभयो । चौरिया बस्तीमै जोडिएको दशगजा नाघ्न दुई/तीन मिनट नै पर्याप्त भएको वाटिकाबाट अलिपरको दशगजास्तम्भ (सीमा स्तम्भ) देखाउँदै मण्डलले बताउनुभयो ।

चौरिया बस्तीमा रोपिएका तिनै पिपल र पछि थपिएका, समी र अशोकका रुखले दिने शीतलतालाई यहाँका बासिन्दा प्रजातन्त्रको शीतल छहारीको संज्ञा पनि दिन्छन् । चौरियाको प्रजातान्त्रिक आन्दोलनलाई नजिकबाट नियाल्नु भएका स्व. नेपालीका समवयी ८० वर्षीय अवकास प्राप्त शिक्षक रामपदारथ चौधरी तिनै पिपलका रुखहरुले हरेक वर्षको साउन-६ ले समर्पण, सङ्कल्प र प्रजातान्त्रिक निष्ठाप्रति आफूलाई उभ्याइरहन प्रेरणा दिइरहेको बताउनुहुन्छ । त्यसैकारण हरेक वर्षको साउन ६ गते सो बस्तीमा वीर बिपीः जिन्दावाद, गणेश नेपालीः अमर रहुन्का नारासँगै जसले जहाँ सम्भव छ (आफ्नै वा सार्वजनिक जग्गा) त्यहाँ कम्तिमा एउटा रुख रोप्ने संस्कृति नै बसेको उहाँले बताउनुभयो ।

स्व. नेपालीकी राजनीतिक सहकर्मी तथा जीवन सँगिनी दानादेवी नेपाली पनि प्रजातान्त्रिक आन्दोलनमा स्व. नेपालीको योगदानलाई जीवन्त बनाउने गरी यो उद्यान निर्माण गरेकामा खुसी हुनुहुन्छ । "मान्छे नरहे पनि यादहरु त रहिरहन्छन् । यो उद्यानले ती यादहरु र प्रजातान्त्रिक आन्दोलनमा उहाँ (पति गणेश नेपाली) ले खेलेको भूमिकालाई थप स्मरणीय बनाएको छ । यस कार्यका लागि म सबै सरोकारवालाप्रति आभारी छु", उहाँले खुसी भावमा भन्नुभयो ।

सात कठ्ठा १० धुर जग्गामा फैलिएको यो वाटिका मधेश प्रदेश सरकारको सहयोगमा निर्माण भएको हो । उद्यान परिसरभित्र पिपल, समी र अशोकका छायाँदार रुखमा चौतारा छन् । उद्यानमा सङ्कटमोचन महावीर (हनुमान) को मन्दिर, थप आकर्षणका लागि रुखमा झिलिमिली बत्ती जडान, अवलोकन गर्नेहरुको सहजताका लागि तीन/तीन जना बस्न मिल्ने २५ ओटा सिमेण्ट बेञ्च, आकर्षक मञ्च र सङ्गमरमर ओछ्याइएको पैदल हिड्ने बाटो छ ।

वाटिकाका चौरमा कहिल्यै नओइल्याउने दुबो बिछ्याएर थप व्यवस्थित गरिएको उद्यान निर्माण समितिका अध्यक्ष मदन कापर बताउनुहुन्छ । मधेश प्रदेश सरकारको करिब ६५ लाख रुपियाँको लागतमा बनाइएको सो वाटिकामा स्व.नेपालीको शालिकसमेत राखिएको छ । जो अनावरण गरिन बाँकी रहेको अध्यक्ष कापरले जानकारी दिनुभयो ।

अहिले यो स्मृति वाटिका स्थानीयका लागि बिहान र साँझको योग, ध्यान, अध्ययन र शीतल ताप्ने गन्तव्य बनेको छ । यसैगरी डबरी र पूर्नी पोखरीको पानी नजिकका खेतबारीमा सिँचाइमा उपयोग गर्ने र उद्यानलाई सडकले जोडेर एक मनोरम पर्यटकीयस्थलका रुपमा विकास गर्ने योजनासमेत रहेको जलेश्वर-५ का वडाध्यक्ष कृष्णमोहन शर्मा बताउनुहुन्छ ।

पञ्चायतकालका अप्ठ्यारा दिन, त्यतिखेरको आन्दोलन, यहाँका सर्वसाधारणको प्रजातन्त्रप्रतिको निष्ठाको साक्षी जननेता बिपी कोइरालाका स्मृतिमा रोपिएका छायाँदार पिपलले प्रजातन्त्र सबैलाई शीतल छहारी दिने व्यवस्था हो भन्ने सन्देश दिइरहेका यहाँ पुग्ने जोसुकैको प्रतिकृया हुनेगर्छ । अब उद्यानसँगै जोडेर यहाँ (चौरिया) पञ्चायतकालमै प्रजातान्त्रिक सचेतनाका लागि स्थापना गरिएको पुस्तकालयको सम्भार र विकासमा पनि प्रदेश र स्थानीय सरकारले ध्यान देओस् भन्ने चौरियाबासीको माग छ ।

*स्रोतः रासस*

# किसानको भुक्तानी गर्न डेरी उद्योगीलाई मन्त्रीको ताकेता

कृषि तथा पशुपन्छी विकास मन्त्री डा.विदुराम भुसालले एक पटक पुनः दुध किसानको बक्यौता रकम भुक्तानी गर्न डेरी उद्योगीलाई ताकेता गर्नुभएको छ । दशैंअघि पनि उहाँले उद्योगीरुलाई बसाएर नै एक महिनाभित्र किसानको भुक्तानी गर्न निर्देशन दिनुभएको थियो तर दशैं पनि बित्यो, तिहार पनि बित्यो छठ पनि आउन लागेको छ तर किसानले डेरी उद्योगीबाट बक्यौता रकम पाएका छैन ।

डेरी उद्योगीहरुले आफूहरुले किसानसँग खरिद गरेको दुध नै विक्रि भएको छैन भनि कहाँबाट पैसा दिनु भन्दै आएका छन् । खरिद गरिएको दुधबाट बनेको धुलो दुधलगायत अन्य दुग्धपदार्थ बिक्रि भएको छैन, भण्डारमा थन्केर बसेको कारण भुक्तानी गर्नमा समस्या भइरहेको बताउँदै आएका छन् । राष्ट्रिय दुग्ध विकास बोर्डमा कात्तिक २० गते दुधसँग सम्बन्धीत सरोकारबालासँग छलफल गर्दै कृषि मन्त्री बेदुराम भुसालले किसानको बक्यौता रकम भुक्तानी गर्नुहोस्, बरु तपाईहरुसँग रहेको मौज्दात दुग्ध पदार्थको आधारमा सहुलियत ऋण दिलाउने पहल गर्छु तर किसानको भुक्तानी नरोक्नुस् भनि कडाईका साथ निर्देशन दिनुभएको थियो ।

डेरी उद्योगीहरुले दुग्ध पदार्थ अत्याधिक मौज्दात गरहेको कारण किसानलाई भुक्तानी दिन नसकेकाले सहुलियत ऋण उपलब्ध गराउन माग गर्दै आएका थिए । मन्त्री भुसालले डेरी उद्योगीसँग दुग्ध पदार्थ कति मौज्दात छन्, त्यसको तथ्याङ्क उपलब्ध गराउनुस् त्यसको आधारमा आफूले ऋणका लागि अर्थ मन्त्रालयसँग पहल गर्ने बताउनु भएको बोर्डका कार्यकारी निर्देशक डा.राजेन्द्र यादवले बताउनुभयो । प्रारम्भिक तथ्यांक अनुसार डेरी उद्योगीहरुसँग करिब ६ अर्ब रुपियाँ बराबरको दुग्ध पदार्थ मौज्दात छन् ।

डेरी उद्योगीहरुले पटक पटक ऋणको कुरा उठाए पछि मन्त्री भुसालले मौज्दात कति छन्, त्यसको आधारमा ऋण उपलब्ध गराउन आफूले पहल गर्ने भन्नुभएको उहाँले बताउनुभयो । मन्त्री भुसालले भारतबाट लुकीछिपी आउने दुध तथा दुग्ध पदार्थ आयातलाई कडाईका साथ रोक्नुपर्ने बताउनुभयो । सरकारको तर्फबाट आयातमा रोक लगाएकै छ, अब तपाईहरुको तर्फबाट त्यसलाई रोक्नका लागि पहल गर्नुपर्छ, उहाँले छलफलमा भन्नुभयो, 'बोर्डरबाट आउने दुध तथा दुग्ध पदार्थलाई रोक्न सकियो भने यहाँ समस्या हुँदैन, नेपालमा पर्याप्त दुध तथा दुग्ध पदार्थ हुँदा हुँदै पनि चोर बाटोबाट आयात भइरहेको कारण यहाँ समस्या धेरै बल्झेका छन् ।' नेपाल-भारतबाट सीमा क्षेत्रबाट दुध तथा दुग्धपदार्थ अवैद्य ढंगले आयात भइरहेको छ, सरकारले त्यसको अनुगमन गरेर अध्ययन गराएको छ त्यसको प्रतिवेदन तयार भइरहेको निर्देशक यादवले बताउनुभयो ।

मन्त्री भुसालले किसानको भुक्तानी १५ दिनभन्दा बढी दिनको रकम बक्यौता नराख्न डेरी उद्योगीहरुलाई निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, 'सरकारको तर्फबाट के गर्नुपर्छ त्यो गर्दै गरौला तर तपाईहरुले किसानको बक्यौता रकम चाँडै चुक्ता गर्नुहोस् ।' नेपाल डेरी एशोसिएशनका अध्यक्ष प्रल्हाद दाहालले किसानहरुलाई भुक्तानी दिने काम भइरहेको छ, तर खरिद गरिएको दुधको अनुपातमा बिक्रि नभएको कारण भुक्तानीमा समस्या भइरहेको बताउनुभयो । मन्त्री भुसासले सहुलियत ऋणका लागि पहल गर्ने भन्नुभएको छ, सरकारले सहुलियत ऋण दिएर सहयोग गर्‍यो भने उद्योगीहरुलाई भुक्तानी गर्न सजिलो हुने बताउनुभयो । सरकारले ऋण दियोस् या उद्योगीसँग मौज्दात रहेको दुग्धपदार्थ खरिद गरिदियोस् भनि आफूहरुले पटक पटक आग्रह गरेको बताउनुभयो ।


त्यसैगरि नेपाल डेरी एशोसिएशन नेपालले कर्णाली प्रदेश अन्तरर्गत जाजरकोटलगायत विभिन्न क्षेत्रमा गएको भुकम्पबाट दुध क्षेत्रमा भएको क्षतिको बारेमा अध्ययन गर्न आफ्नो प्रतिनिधि सो क्षेत्रमा पठाएको छ । अध्यक्ष दाहालका अनुसार सो क्षेत्रमा अध्ययनको लागि एशोसिएशनको तर्फबाट सुर्खेत, तनहुँलगायतका जिल्लाहरुबाट प्रतिनिधिहरु भुकम्पीय क्षेत्रमा गएर अध्ययन सुरु गरेको बताउनुभयो । अध्ययन गरेर आइसकेपछि राहतको बारेमा निर्णय गर्ने उहाँले बताउनुभयो ।

# भुकम्पबाट क्षति भएको क्षेत्रमा कृषिको टोली

जाजरकोट र रुकुमपश्चिममा गएको बिनासकारी भूकम्पमापरि डेढ सयबढिको ज्यान गएको छ । संगसंगै सैयौं पशुपन्छी समेत मरेका छन् । हजारौं पशुपंक्षी घाइते भएका छन् । यसैलाई मध्यनगर गर्दै कृषि तथा पशुपन्छी विकास मन्त्री बेदुराम भूसालको निर्देशनअनुसार औषधी र भ्याक्सिन लिएर सुर्खेतबाट दुई वटा टोलीलाई त्यतातिर पठाउनु भएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा.रेवतीरमण पौडेलकाअनुसार डा.लक्ष्मीनारायण दास, देवीराम कंडेल तथा डा.राकेस प्रजापतिको संयोजकत्वमा जाजरकोट र रुकुमपश्चिममा टोली परिचालन गरिएको छ । साथै कर्णाली र लुम्बिनीका कृषि सचिवहरुलाई समेत घट्नास्थलतर्फ टोली पठाएर समन्वय र सहयोग गर्न अनुरोध गरिएको सचिव पौडेलले बताउनुभयो । सचिव पौडेलकाअनुसार क्षति पुगेका स्थानमा पशुपन्छीहरुको उद्धारकालागि आवश्यक सहयोग र सहकार्यकालाीग प्रदेश र स्थानिय तहसंग समेत समन्यव भइरहेको छ ।

भूकम्पबाट क्षति भएको क्षेत्रमा रहने अधिकाँस वासिन्दाहरु कृषिमा आवद्ध परिवार रहेका छन् । उनीहरुको मूख्य पेसा भनेकै कृषि हो । पशुधनको क्षतिबारे भने अहिलेसम्म कुनै तथ्यांक संकलन भएको छैन् । भूकम्पमा जाजरकोटस्थत पशु कार्यलयको भवन समेत भत्किएको छ ।















## रिगल...

रुपमा बाँकी कैद मिनाहा भएको थियो । रिगलको भन्दा गम्भीर अपराधको रुपमा चौधरीको घटनालाई लिइको छ । टीकापुर घटनालाई अदालतले हत्या वा कर्तव्य ज्यान मात्र नभनि 'नरसंहार' भनेको छ । दुई जनाको घटना एउटै वर्षमा भएको थियो ।

टीकापुर घटना २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा भयो भने रिगलबाट चेतन मानन्धरको हत्या सोही वर्षको असार २८ गते नेपालगन्जमा भएको थियो । संयोग कस्तो भने टीकापुर घटना भएकै दिन प्रहरीले रिगललाई पक्राउ गरेको थियो । यी दुवै घटनामा अदालतले सुरुमा सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो । एकातिर नयाँ कानुनले सर्वस्वहरण गर्न नमिल्ने भयो भने अर्कोतिर जन्मकैदका नाममा २० वर्ष मात्र कारावास हुने भएपछि रिगल र चौधरीलाई फाइदा भयो ।

रिगल २०७२ भदौ ७ देखि २०८० असोज ३ सम्म गरी आठ वर्ष २५ दिन जेल बस्नुभयो भयो भने अध्यक्ष चौधरीले २०७४ फागुन १५ अदालतमा आत्मसमर्पण गरेपछि २०८० जेठ १५ गतेसम्म जेल बस्नुभएको थियो । अर्थात अध्यक्ष चौधरीले १४ वर्ष ९ महिना (३५ प्रतिशत) को कैद माफी पाउनुभयो ।

### चौधरीका लागि रिगलको नजिर

फैसला अन्तिम नहुँदै माफी हुन नसक्ने गरी रिगलविरुद्धको रिटमा भएको व्याख्या अध्यक्ष चौधरीको हकमा लागु हुनसक्छ । किनभने चौधरी बारे अदालतले गरेको निर्णयको पूर्णपाठ नआउँदै सरकारले हतार हतारमा निर्णय गराएको थियो । रिगलको मुद्दामा सर्वोच्चले पीडितको सहमति र परिपूरण हुनुपर्ने नयाँ विधिशास्त्रलाई पनि मान्यता दिएको देखिन्छ । तर चौधरीलाई माफी दिँदा पीडितको सहमति पनि लिइएको छैन ।

### चौधरीको फैसला

अध्यक्ष चौधरी रिहा भएपछि सर्वोच्च अदालतको निर्णयको पूर्णपाठ सार्वनिक गरेको थियो । त्यसमा अपराधको राजनीतिकरणले प्रचलित फौजदारी कानुनले निषेध गरेका जघन्य फौजदारी कसुरलाई समेत राजनीतिक रङ दिएर राज्यशक्तिमा पहुँच पुर्‍याउन सक्ने कसुरदारलाई फौजदारी दायित्वबाट उन्मुक्ति प्रदान गर्ने कुचेष्टा गरेको हुन्छ । यसबाट राजनीतिको आड भरोसामा कसुर गर्ने प्रवृत्ति मौलाउँछ भनि उल्लेख थियो ।

रगतमा लतपतिएका हातहरूले राजनीतिक संरक्षण प्राप्त गरेमा मुलुकको फौजदारी कानुनले निषेध गरेको आपराधिक कार्य गरेका व्यक्ति नै ठूल्ठूलो आवाजका साथ निस्फिक्री समाजमा विचरण गर्ने अनपेक्षित अवस्था उत्पन्न हुन जाने भनि फैसलामा उल्लेख छ । एउटै कसुरमा कसैलाई कारबाही र सजाय गर्ने, कसैलाई उन्मुक्ति दिँदा समाजमा व्याप्त ठूलालाई चैन, सानालाई ऐन भन्ने भनाइ चरितार्थ हुन पुग्ने भनि फैसलामा उल्लेख छ । यतिसम्म भनेको छ कि राजनीतिको आवरणमा कसुरदारलाई फौजदारी कसुरबाट सृजित दायित्वबाट उन्मुक्ति दिएमा फौजदारी न्याय मर्छ । मुद्दाहरूलाई राजनीतिक सौदाबाजीको रणनीति अन्तर्गत फिर्ता लिनु वा स्थापित मूल्य मान्यता र कानुनी व्यवस्था समेतको उल्लङ्घन र उपहास हुने गरी माफी मिनाहा दिने समेतका कार्य गर्नु मुलुकको संविधान, कानुन र न्यायका मान्य सिद्धान्त समेतको हाकाहाकी विपरीत हुने देखिन्छ भनि फैसलामा उल्लेख छ ।

## कमरेडहरूलाई...

भ्रमणमा गएर फर्कि सक्नुभएको छ । त्यस्तै, एमालेका महासचिव शंकर पाखेरेलको नेतृत्वमा २१ सदस्यीय नेताहरुको एक टोली भदौं १७ गतदेखि २९ चीनको भ्रमण गरेको छ । चीन भ्रमण गरिसक्नु भएका एमालेका विदेश विभाग प्रमुख राजन भट्टराईले नेपाल र चीनबीच सम्बन्धलाई अझ बलियो बनाउनका लागि यी उच्च स्तरीय भ्रमणहरु भइरहेको बताउनुभयो ।

चीनले नेपालसँग विशेष सम्बन्ध बनाउनुको मुख्य कारण भारत हो । नेपाल-भारत बीचको खुल्ला बोर्डरका कारण चीन विरुद्ध गतिविधि हुनसक्छ भनि आशंकामा चीनले नेपाललाई संवेदनशिल ठाउँको रुपमा लिएको छ । भारतको बाटो हुँदै अमेरिकाले पनि चीन विरोध गतिविधि गर्न सक्छ भनि चिन्ता चीनको रहेको छ । चीनले आफूमा गाभेको तिब्बताको सीमाना नेपालसँग जोडिएको छ । त्यसका लागि चीन निकै गम्भीर छ ।

तिब्बतका लागि नेपालमा चीन विरोधी गतिविधि नहोस् भन्नका लागि चीनले निकै चासो लिएका हुन्छन् । एक चीन नीतिप्रति नेपाललाई विश्वासमा लिइ राख्ने चीनको अर्को चासोको विषय रहेको छ । नेपालले पनि पटक पटक एक चीन नीतिप्रति प्रतिवद्धता जनाउँदै आइरहेको छ तर पछिल्लो समय अेमरिकाले एमसीसी लागु गराउन गरेको कसरतले चीनलाई संशकित बनाएको विज्ञहरु बताउँछन् । सिनासका प्रमुख डा.मृगेन्द्र कार्कीले यी भ्रमणहरु दुईटै देशको स्वार्थका कारणले भइरहेका बताउनुभयो । चीन र भारत दुवै देश विश्वको आर्थिक प्रतिस्पर्धामा आइसकेको र विश्वमा नै आफ्नो उपस्थिति देखाइरहेका कारण चीनले नेपालमा आफ्नो उपस्थिति देखाउन चाहेको छ ।

## पटक...

यादवलाई हटाएर इस्तियाक राइलाई मन्त्री बनाएपछि उहाँ पुनः असन्तुष्ट हुनुभएको थियो । त्यतिबेला उहाँले पार्टीबाट राजिनामा नै दिनुभएको थियो । राजिनामा दिएर पार्टीमा आफ्नो गुट बनाउन थाल्नुभयो । पार्टीभित्रका केही असन्तुष्ट नेताहरुसँग सम्पर्क गर्न थाल्नुभयो, बैठकहरु बसाउन थाल्नुभयो । तैपनि उहाँको राजिनामा स्विकृत भएन । त्यति नै बेला डा.बाबुराम भटट्राई र उपेन्द्र यादवबीच खटपट सुरु भयो । बाबुराम भटट्राई अर्को पार्टी बनाउनुभयो । रेणु यादव पार्टीभित्र असन्तुष्ट भएपनि बाबुरामको साथमा जान चाहनु भएन । वीरगञ्जमा बसेको केन्द्रीय समितिको बैठकमा उहाँले पार्टी नेतृत्वको खुलेर आलोचना गर्नुभएको थियो । पछि बसेको कार्यकारिणी समितिको बैठकले उहाँलाई राजिनामा फिर्ता लिन आग्रह गरपछि फिर्ता लिनुभएको थियो ।

उहाँले राजिनामा फिर्ता लिएपनि उपेन्द्र यादवसँग सम्बन्ध राम्रो हुन सकेन । पार्टीको गतिविधिबाट टाढा टाढा बस्न थाल्नुभयो उहाँ । २०७९ को मंसिरमा भएको चुनावमा उहाँले टिकट पनि पाउनु भएन । उहाँले टिकट नपाए पनि प्रदेश सभाका लागि उहाँका छोरा अभिषेक यादवले पाउनु भएको थियो । पार्टीबाट अलग थलग रहेर चुनावमा छोराका लागि खटिनुभयो तर त्यही सप्तरीमा चुनावमा उठनु भएको उपेन्द्र यादवको क्षेत्रमा फर्केर कहिले जानुभएन । त्यसबाट पनि पुष्टि हुन्छ कि उहाँ दुवै जनाको बीचमा दुरी कतिको बढेको थियो ।

उपेन्द्र यादव र रेणु यादवका छोरा अभिषेक यादव दुवै जना चुनाव हार्नुभयो । चुनाव हार्नुमा दुवै जनाले एक अर्कालाई आरोप लगाउनु भएको थियो । पछिल्लो समय उहाँले आफ्नो शक्ति सप्तरीमा देखाउनु भएको छ । केदार यादव सप्तरी जिल्ला समन्वय समितिको अध्यक्ष हुँदाहुँदै उहाँले जिल्ला भेला बेलाएर उमेश यादवलाई अध्यक्ष बनाउनु भएको छ । उहाँले यस्तै समिति मधेश प्रदेशको आठवटै जिल्लामा बनाउने घोषणा भेलामा गर्नुभएको स्रोतले जनाएको छ । यो शक्ति प्रदर्शन कहाँ गएर टुगिंने हो हेर्न बाँकी नै छ ।

## जनताको...

गाह्रो छ । अरुलाई दोष दिनुभन्दा पहिले आफूमा भएको गल्ती कमि कमजोरीलाई सच्याउँदै जनताको हितमा काम गर्न थालेपछि यी सब फण्डा आफै साइड लाग्छन् ।

अहिले पनि केही बिग्रेको छैन, कात्तिक २१ गते दलका नेताहरुले गरेको प्रतिवद्धता अनुसार आजैको मितिबाट काम गर्न सुरु भयो भने सबै समस्या आफै समाधान हुन्छ । चुनावको समयमा दलहरुले जारी गरेको घोषणापत्र र प्रतिवद्धतापत्र, सरकार बनाउने बेला बनाएको नीति तथा कार्यक्रमलाई मात्र अक्षरस पालन गरि दियो भने जनताका धेरै समस्या समाधान हुन्छ । तर नेताहरुले स्वयं गरेको वाचा बिर्सेर आफन्तलाई पाल्ने, राज्यको सम्पत्तिलाई दोहन गर्ने, जनतालाई पिडामाथि पिडा दिँदै गएपछि राजा फाल्ने जनताले यी छोटे राजाहरुलाई फाल्न बेर लगाउँदैन र त्यो कुराको अनुभूती ती नेताहरुले गरिसकेका छन् र त्यही भएर अहिले त्रसित छन् ।

# शिक्षामा पहिचान बनाउँदै वरियारपट्टी

क्याम्पस स्थापनाका लागि श्री श्री १०८ श्री विष्णु महायज्ञ गरेर सिरहाका वरियारपट्टी गाउँपालिकाले एक करोड रुपियाँभन्दा बढी रकम संकलन गरेको थियो । सो रकमले क्याम्पसका लागि दुई विघा तीन कठ्ठा जग्गा पनि किनि सकेको छ । कात्तिक २३ गते सोही गाउँपालिकाका युवा समाजले वरियारपट्टी विज्ञान तथा कला प्रदर्शनी-२०८० सम्पन्न गरेको छ ।

विद्यार्थीहरुको शैक्षिक गुणस्तरलाई बढाउनका लागि गरिएको सो प्रदर्शनीमा १५० वटा स्टल थिए । सिरहा जिल्लाकै सबभन्दा ठूलो विज्ञान प्रदर्शनी सम्पन्न भएको समाजसेवी रामरिझन यादवले बताउनुभयो । उहाँले आफू सो कार्यक्रममा जान नपाएपछि रेकर्डेड मन्तव्य राखेको बताउनुभयो । सो कार्यक्रमको प्रमुख अतिथी निर्वाचन आयोगका पूर्व प्रमुख आयुक्त डा.आयोधी प्रसाद यादव हुनुहुन्थ्यो भने अन्य वरिष्ठ शिक्षाप्रेमी प्रध्यापकहरुको उपस्थिति थियो । हुलाकी राजमार्गमा अवस्थित वरियारपट्टी गाउँपालिका पिछडिएको गाउँमा दर्ज थियो तर पछिल्लो समय शिक्षामा गरेको लगानी र प्रयासले जिल्लाकै शैक्षिक हब बन्ने सम्भावना आफूले देखेको उहाँले बताउनुभयो ।

वरियारपट्टीमा एउटा क्याम्पस स्थापना हुनुपर्छ भनि विगत १२ वर्षदेखि आफूले प्रयास गर्दै आएको बताउँदै उहाँले २०६८ सालमा पहिलो पटक वरियारपट्टीमा क्याम्पस स्थापना हुनुपर्छ भनि गोष्ठीको आयोजना गर्नुभएको थियो । उहाँले त्यो गोष्ठी गराएपछि शिक्षामा लगानी गर्नुपर्छ, क्याम्पस खोल्नुपर्छ भनि त्यहाँका बुद्धिजिवी तथा गाउँलेहरुले अगुवाई गरेका थिए । त्यसको नतिजा हो महायज्ञ गराएर जग्गा खरिद गर्नु ।

जग्गा किनेपछि क्याम्पसको नाम हुलाकी बहुमुखि क्याम्पस वरियारपट्टी राखिएको छ । पूर्वाञ्चल विश्वविद्यालयसँग सम्बन्धन पनि लिइसकेको छ । सो विश्वविद्यालयले पहिलो वर्ष बीएड दिने आश्वासन पनि दिएको समाजसेवी यादवले बताउनुभयो । वरियारपट्टी गाउँपालिकाको टीमले भिसी प्रा.डा. यादव कोइराला, रेजिष्टार निलमणि पोखरेल, डीन प्रा.डा.अनिल पोखरेलसँग भेटेर भए भरका तयारीको बारेमा जानकारी गराइसकेको छ ।


## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔ ।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार